पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : ३२ २०७२ चैत १२ गते शुक्रबार (March 25 , 2016) मूल्य रू. १०/-

## मेलम्चीको पानी नआउने पक्का

काठमाडौं । बहुप्रतीक्षित मेलम्ची खानेपानी आयोजनाको सुरुङ निर्माणको काम समयमा नसकिने भएपछि अवधि थप्ने गृहकार्य सुरु गरिएको छ ।

इटालेली ठेकेदार कम्पनी सिएमसीसंग सुरुङको काम ०७३ असोज मसान्तमा सक्ने सम्झौता भएको थियो । गत १२ वैशाखको भूकम्पका कारण रोकिएको काम सुरु नहुँदै ६ असोजदेखि भारतले अघोषित नाकाबन्दी गरेपछि ११ महिनासम्म काम प्रभावित भएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक घनश्याम भट्टराईले बताए ।

भूकम्प र अघोषित नाकाबन्दीले रोकिएको काम फागुन दोस्रो सातादेखि आंशिक सुरू भए पनि पूर्ण रूपमा सञ्चालन गर्ने गृहकार्य सुरू भएको समितिले जनाएको छ ।

(बाँकी अन्तिम पेजमा)

# दुई करोडको ठगी, धरौटी तीस लाख

काठमाडौं । अख्तियारले इन्भेष्टमेन्ट बैंकको लकर छापा मार्दा १४ राउण्ड गोली भेटिएपछि प्रहरीमा पुगेका एमाओवादी सांसद ल्हारक्याल लामालाई ९ दिन प्रहरी हिरासतमा राखेपछि ६६ हजार धरौटीमा छाडियो । ल्हारक्यालको लकरमा गोली भेटिनु र मेरो होइन भनेर पन्छिदैमा उनले कसरी उन्मुक्ति पाए ? उनको लकरमा गोली राख्ने को हो ? बैंकका कर्मचारी हुन् कि अपराधिक व्यक्तिहरू, तिनको खोजी हुनुपर्छ कि पर्दैन ? तर ल्हारक्याल राजनीतिक संरक्षणमा गोली प्रकरणमा पनि छुट्ने उदाहरण बन्न पुगेका छन् । यही हो, नेपालको कानुन दैव जानुन् भनेको ? यस्तै हो भने नेपालमा हिंसा बढ्ने र राजधानी हतियारको भण्डार बन्ने निश्चित छ । त्यसै पनि प्रहरी रिपोर्टअनुसार राजधानीमा लाइसेन्स बिनाका हतियारको भण्डार नै भएको आशंका बढ्दै गएको छ । ल्हारक्याल पछिल्ला उदाहरण बनेका छन् । खासगरी बैंक लकर, अपार्टमेन्ट, गुम्बाहरूमा अपराधिक र वैदेशिक षडयन्त्रकारीहरूले नेपालमा हतियार थुपारेको हुनसक्ने प्रहरीको आशंका छ ।



त्यसपछि वैदेशिक रोजगारीको ठगी मुद्दामा पुन पक्राउ गरियो र वैदेशिक रोजगार विभागले ५ घण्टा लामो बयान लिएपछि २०७० सालमा केदारबहादुर गुरूङलाई मकाउ पठाउँछु भनेर ठगी गरेको पर्याप्त प्रमाण पुगेन भनेर ३० लाख धरौटीमा छाडियो । उनलाई छाड्न वैदेशिक रोजगार विभागका महानिर्देशक केदारबहादुर बोगटीलाई एमाओवादीका ७ नेता, गृहमन्त्रीले समेत फोन गरेका थिए र बोगटीको बालाजु निवासमा समेत ल्हारक्यालका छाउराहरू पुगेका थिए ।

सामान्य नागरिकको साथबाट गोली भेटिएको भए गोली कुन बन्दुकको भनेर खोजी हुनेथियो कि थिएन ? अत्यन्त कडा मानिएको वैदेशिक रोजगारी ठगी मुद्दामा अहिलेसम्म धरौटीमा छुटेको कुनै उदाहरण छैन । तर एमाओवादीको दबाब र एमाओवादीकै गृहमन्त्री शक्ति बस्नेतको ठाडो दबाबमा गृहअन्तर्गतकै प्रमुख जिल्ला अधिकारी र माओवादी निकट हाकिम रहेका वैदेशिक रोजगार विभागले गोली प्रकरण र वैदेशिक ठगी काण्डलाई धरौटीमा छाडेर नेपालमा अपराध र अपराधीको जिम्मेवार राजनीति र कर्मचारीतन्त्र नै रहेको पुष्टि गरिदिएका छन् ।

छुटेपछि ल्हारक्याल लामाले भने- ममाथि षडयन्त्र भयो । मविरुद्ध कुनै प्रमाण थिएन तर मलाई धरौटी राख्न बाध्य पारियो । मेरो सांसदपद पुन फिर्ता हुनुपर्छ । वाह, एमाओवादीलाई पञ्चखत माफी हुन्छ भनेको यही हो ।

(बाँकी अन्तिम पेजमा)

## सिंहदरबारभित्रै धूमपानको अखडा

काठमाडौं । सिंहदरबारभित्र बारम्बार 'ड्रेस कोड' लगाउन सर्कुलर जारी गर्दा अटेर गर्दै आएका कर्मचारीले लुकीछिपी धूमपानसमेत गर्ने गरेका छन् । सरकारले केही समयअघि सिंहदरबारलाई धूमपान निषेधित क्षेत्र घोषणा गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रले सिंहदरबारलाई धूमपान निषेधित क्षेत्र घोषणा गर्दै त्यसलाई कडाइका साथ पालना गराउन सबै मन्त्रालय र निकायलाई सर्कुलर गरेको थियो । तर, प्रधानमन्त्री कार्यालय र सतर्कता केन्द्रको सर्कुलरलाई अधिकांश कर्मचारीले अटेर गर्दै लुकीछिपी धूमपान गर्ने गरेका छन् । यस विषयमा सामान्य प्रशासन मन्त्रालयले गोप्य रूपमा अनुगमन थालेको छ । सामान्य प्रशासन मन्त्रालयका उपसचिव कृष्णप्रसाद सापकोटाले सिंहदरबारलाई पूर्ण रूपमा धूमपान निषेधित क्षेत्र बनाउन अनुगमनलाई कडा पारिने जानकारी दिए ।

सामान्यले प्रधानमन्त्री कार्यालय र राष्ट्रिय (बाँकी अन्तिम पेजमा)

### दाहाल अन्योलमा : के गर्ने के नगर्ने ?
## वैशाखभित्रै नयाँ सरकार गठनको प्रयास

अभियान संवाददाता

काठमाडौं । केपी ओलीको नेतृत्वमा बनेको संयुक्त सरकारमा एमाओवादीका तर्फबाट मन्त्रिपरिषद्मा सहभागी भएका मन्त्रीहरूका विरुद्ध एमाओवादीभित्र व्यापक असन्तुष्टी जन्मिएको छ । एमाओवादीका मन्त्रीहरूले महत्वपूर्ण मन्त्रालय पाएपनि उनीहरूले सन्तोषजनक काम गर्न सकेका छैनन् । एमाओवादीका आठ नेता मन्त्रिपरिषदमा सामेल छन् । पछिल्लो समय पार्टी अध्यक्ष पुष्पकमल दाहाल नै मन्त्रीहरूले गरेका कामप्रति सन्तुष्ट हुन सकिरहेका छैनन् । केपी ओली नेतृत्वको सरकारलाई गिराउने कि टिकाइराख्ने भन्नेमा पार्टी अध्यक्ष दाहाल स्वयं नै अन्योलमा परेको एक स्रुतले दाबी गरेको छ ।



पार्टीको केन्द्रिय समितिको हालै बसेको बैठकमा प्रदेश र फ्याक्सन इन्चार्जहरूको रिपोर्टिङमा सरकार र सरकारमा सहभागी भएका आफ्ना मन्त्रीहरूको कार्यशैलीप्रति पोखिएको असन्तुष्टीपछि एमाओवादी नेतृत्व सरकारलाई टिकाइराख्ने कि गिराउने भन्नेमा अन्योलमा परेको छ । एमाओवादी स्रोतका अनुसार अहिलेकै अवस्थामा भरपर्दो विकल्प नआएकाले पार्टी अध्यक्ष दाहाल सरकार टिकाउने कि गिराउने भन्नेमा अन्योलमा परेका छन् । 'पार्टी अध्यक्षले कहीं कतैबाट पनि सरकारका बारेमा सकारात्मक सुन्न पाएका छैनन् । स्वयं अध्यक्ष सरकार र आफ्ना मन्त्रीहरूको कार्यशैलीबाट आजित भएका छन्, तर

(बाँकी अन्तिम पेजमा)

## न्याय क्षेत्र समेत भागवण्डाबाट अछुतो रहेन

अभियान संवाददाता

काठमाडौं । व्यवस्थापिका संसदको सबैभन्दा ठूलो पार्टी र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदको नियमावली पारित गर्न न्यायपरिषदमा आफ्नो पार्टी समर्थक एकजनालाई सदस्य दिनुपर्ने माग अगाडि सारेको छ । न्यायपरिषद्मा आफ्नो पार्टीले भनेका एक सदस्य दिएमा संसद नियमावली पारित गर्न उ राजी भएपनि सत्ताधारी दलहरू नेकपा एमाले र एमाओवादीले सहजै कांग्रेसको माग स्वीकार गर्न सक्ने अवस्था देखिएको छैन ।

संसदको नियमावली नबन्दा संसदीय सुनुवाई समिति समेत गठन हुन नसकेको र हालै सर्वोच्च अदालतमा न्यायाधीशका लागि सिफारिस भएका ११ जनाको संसदीय सुनुवाई समेत हुन सकेको छैन । अबको केही दिनभित्रैमा सर्वोच्च अदालतका




प्रधानन्यायाधीश कल्याण श्रेष्ठले समेत उमेरहदका कारण अनिवार्य अवकाश पाउने भएकाले प्रधानन्यायधीशका लागि सिफारिस भएकी सुशीला कार्कीको समेत संसदीय

(बाँकी अन्तिम पेजमा)

## ग्यास अभाव कहिलेसम्म ?
### एसटिसी ग्यासको कोटा बढ्यो

काठमाडौं । लामो सययदेखि खाना पाकाउने ग्यासको अभाव झेल्न बाध्य भएका उपभोक्ताहरूलाई साल्टट्रेडिङ कम्पनीको एसटिसी बाहेक अन्य ग्यास कम्पनीहरूले सहज रूपमा ग्यास उपलब्ध गराउन सकेका छैनन् । पछिल्लो समयमा ग्यास आयतमा बृद्धि भएपनि ग्यास कम्पनीहरूले बढी मूल्य लिएर सिधै ठूला होटलहरू र ग्यास धेरै खपत गर्ने उद्योगहरूलाई दिने गरेकाले सर्वसाधारण उपभोक्ताले ग्यास पाउन सकेका छैनन् । ग्यास वितरण प्रणाली नै व्यवस्थित नभएको र उद्योग र डिलर अनि सबडिलरहरूले समेत किर्ते नाम खडा गरी ग्यास कालो मूल्यमा

(बाँकी अन्तिम पेजमा)

# देउवासँग फेरि भिड्ने भए पौडेल

काठमाडौं । कांग्रेसको महाभारत अझै सकिएको छैन । कांग्रेसलाई साठी चालिसको विवादमुक्त पारेर एक डिक्का बनाएर अघि बढ्ने भए मलाई संसदीय दलको नेता देउ भनेर रामचन्द्र पौडेलले च्याँखे थापेका छन् । देउवाले सबैलाई मिलाएर अघि बढ्छु भने पनि सभापति र संसदीय दलको नेता आफै बन्ने मनस्थिति उजागर गरेका छन् । देउवाका सहयोगीहरू सबैले संसदीय दलको नेता छाड्न नहुने दबाब दिइरहेका छन् र देउवा चुनावका लागि तैयार भएको बताइन्छ ।





संसदीय दलको नेतामा चुनाव लड्छु भनेर रामचन्द्र पौडेलले आफ्नो जीवनभरको राजनीतिलाई दाउमा राखेका छन् । अहिले कांग्रेसभित्र देउवा र रामचन्द्र गुटबीच ध्रुवीकरण सुरु भएको छ । कसैले मुख नखोले पनि संसदीय दलको नेताको चुनाव हुने र यही चुनावले शेरबहादुर देउवालाई कांग्रेसको एक्का बाघ बनाउने निश्चित जस्तै वातावरण बन्न थालेको छ ।

यद्यपि सर्वसम्मति नहुने भए संसदीय दलको नेताको आकांक्षीमा शेखर कोइराला, प्रकाशमान सिंह र डा.रामशरण महतसमेत

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

**अभियान साप्ताहिक**

**सम्पादकीय**

# सरकारको वैधानिकतामाथि प्रश्न किन ?

*यतिबेला प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा रहेका छन् । उनको चीन भ्रमणको पूर्वसन्ध्यामा केही मधेसवादी दलहरुको मोर्चाले काठमाडौंस्थित चिनियाँ राजदूतलाई भेटेर ज्ञापनपत्र बुझाउँदै प्रधानमन्त्री केपी ओलीसँग कुनै दीर्घकालिन सम्झौता र सहमति नगर्न आग्रह गरेका थिए । उनीहरुका अनुसार नेपालको नयाँ संविधानले उनीहरुको माग तथा आफ्नो हक अधिकारको संरक्षण नगरेकाले त्यो संविधानलाई मधेसवादी दलहरुले स्वीकार नगरेको संविधान अनुसार निर्वाचित भएका प्रधानमन्त्रीको वैधानिकता नरहेको भन्दै त्यस्ता प्रधानमन्त्रीसँग कुनै सम्झौता र सहमति नगर्न आग्रह गर्नु आफैंमा हास्यास्पद हो । संविधानसभामा उपस्थित भएका मध्ये झण्डै ९० प्रतिशत सभासदले हस्ताक्षर गरी जारी गरेको संविधानलाई अवैधानिक भन्नु कहाँको न्याय हो । राजनीतिक गर्ने पार्टीहरुले बहुमतको स्वरलाई स्वीकार गर्नै पर्छ । त्यसको अर्थ अल्पमतलाई अन्याय गर्नु पर्छ र उनीहरुको कुरा सुन्नु हुँदैन भन्ने होइन ।*

*संविधान जारी गर्दा केही त्रुटी भएको पक्का हो । संविधान निर्माणक्रम र जारी गर्दादेखि नै केही त्रुटीहरु भएका हुनाले संविधान जारी भएकै भोलिपल्ट संविधान संशोधनको लागि प्रक्रिया अघि बढाएको र संविधानको पहिलो संशोधन समेत माघ ९ गते भइसकेको छ । केही मधेसवादी दलले उठाएका मुद्दाहरु केही सम्बोधन भइसकेका छन् । उनीहरुले उठाएका मुद्दाहरु मध्ये जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने संवैधानिक व्यवस्था गरिएको छ भने समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यका प्रत्येक निकायमा प्रतिनिधित्व गराउने व्यवस्था संविधानमै गरिएको छ । तर त्यसलाई समेत मधेसवादी दलहरुले स्वीकार गर्न नसकी विदेशीहरुलाई गुहार्न पुगेका छन् । विदेशी राजदूतहरसँग संविधान र सरकारको वैधानिकता माथि नै प्रश्न उठाउनु गैरजिम्मेवारी र गैरकुटनीतिक चरित्रको पराकाष्ठा बाहेक अन्य केही हुन सक्दैन ।*

*संविधानको व्यापकता र स्वामित्व, स्वीकार्यताका लागि संविधानमा भएका त्रुटीहरु सुधार गरी सबैलाई सहभागी गराउने दायित्व सबै राजनीतिक दलहरुको हो । तर त्यसो नगरी एकोहोरो रुपमा आफूहरुलाई संविधानले केही दिएन, ठूलाहरुले आफूहरुलाई वेवास्ता गरेर भनेर वैधानिक सरकारको अस्तित्व माथि नै प्रश्न उठाउँदै विदेशी राजदूतहरुलाई गुहार्न पुग्नुले त्यस्ता दलहरुको उचाई बढ्न सक्दैन । जनताले अब त्यस्ता दलहरुलाई चिन्नु पर्ने अवस्था आएको छ । बेला बेलामा राजनीतिक दलहरुले गर्ने गरेका अपराध र त्रुटीहरु हुने गरेका छन् । तत्कालिन राजाको प्रत्यक्ष शासनका बेला चीनले नेपाल सरकार वा नेपाली सेनालाई विधिवत रुपमा हतियार आपूर्ति गर्दा प्रधानमन्त्रीका लागि राजा समक्ष विन्तीपत्र हाली अस्वीकृत भएका एमाले नेता माधव नेपालले भारतमा पुगेर त्यो कदमको आलोचना गरेका थिए । उपप्रधान तथा परराष्ट्रमन्त्री भइसकेका व्यक्तिले विदेशी भूमीबाट अर्को विदेशी मित्रराष्ट्रको आलोचना गर्नु हुँदैन भनेर सामान्य शिष्टाचार समेत राखेनन् । त्यसैगरी तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले आफु भारत भ्रमण जानुअघि एक दैनिक पत्रिकामा लेख लेख्दै ७० प्रतिशतभन्दा बढी व्यापार र अन्य सम्बन्ध भएको भारतका अगाडि अरुसँगको सम्बन्धको कुनै अर्थ रहँदैन भन्ने गैरकुट्नीतिक सन्देश दिए, अहिले मधेसवादी दलका केही नेताहरुले नेता नेपाल र भट्टराईजस्तो अभिव्यक्ति दिएर वा व्यवहार देखाएर गैरजिम्मेवारीपन देखाइरहेका छन् ।*

*केही मधेसवादी दलहरुका नेताहरुले चिनियाँ राजदूतलाई त्यसबेला ज्ञापनपत्र बुझाए, जब उनीहरुले अब मधेसको राजनीतिमा के गर्ने भनेर भारतका उच्चअधिकारीहरुसँग मन्त्रणा र सुझाव मागेका थिए । ठीक त्यही बेला प्रधानमन्त्री ओली चीन गएका छन् । मुलुक अहिले पनि अस्थिर राजनीतिकै भूमरीमा रहेको छ । यति हुँदा हुँदै पनि राजनीतिक दलका नेताहरु छिमेकी मुलुकका नेताहरुसँग आफूहरु कसरी प्रस्तुत हुने र आफ्नो मुलुकको स्वार्थलाई कसरी पुरा गर्ने अनि संसदप्रति कसरी जवाफदेही हुने भन्नेमा उनीहरु सजग नहुनु भनेको जनताप्रतिको गैरजिम्मेवारी पन नै हो । मधेसकै जनताले अस्वीकृत गरेका केही नेताहरुले सरकारको वैधानिकता र संविधान माथि नै विदेशी राजदूतहरुको अगाडि प्रश्न उठाउनुले खासै अर्थ राख्दैन, किनकि त्यस्तो प्रश्न उठाउनेहरु जनताबाट अस्वीकृत भएका नेताहरु हुन्, त्यसमा पनि मुठीभर । मधेसी मोर्चाले अहिलेसम्म जनताको पक्षमा कुनै अवाज उठाएका छैन । बरु सत्ता हत्याउनका लागि विदेशी कुट्नीतिज्ञहरुका अगाडि विन्तिपत्र हाल्न उनीहरु व्यस्त रहेका हुनाले अब मोर्चाले त्यस्तो कार्य छोडी जनताप्रति उत्तरदायी भएर अगाडि बढ्न हामी आग्रह गर्दछौं ।*

# अब कार्यान्वयन पक्षमा जोड दिऔं

*देवेन्द्र चुडाल*

प्रधानमन्त्री केपी ओली भारत भ्रमण गरेको ठीक एक महिनापछि उत्तरी छिमेकी मुलुक चीनको भ्रमणमा रहेका छन् । ओली चीनमा रहँदा त्यहाँका राष्ट्रपतिसहित आफ्न समकक्षी प्रधानमन्त्रीसँग भेट गरेका छन् । दुवै देशका प्रधानमन्त्रीको उपस्थितिमा चीनसँग १० बुँदे सहमतिसमेत भएको छ । ति सहमति मध्येको सबैभन्दा महत्वपूर्ण सहिमति भनेको पारवहन सम्बन्धी सहमति नै हो । अहिलेसम्म नेपालले भारतबाहेक अन्य मुलुकसँग पारवहन सम्बन्धी सहमति गरेको थिएन । नेपालले पहिलादेखि नै चीनसँग पारवहन सम्बन्धी सहमति गर्न खोजेको भएपनि विभिन्न अवरोधका कारण त्यसो हुन सकिरहेको थिएन । तर अहिले स्वयं भारतले त्यो सहमतिको बाटो खोलिदिएको छ, नेपालमाथि अघोषित नाकाबन्दी गरेर । नेपालको संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात भारतले नेपाल सरकार र राजनीतिक दलहरूले आफूले भनेको नमानेको भन्दै केही मधेसवादी दलहरूले उठाएका मुद्दाहरूलाई देखाएर नेपलमाथि अघोषित नाकाबन्दी गर्‍यो । भारतले लगाएको अघोषित नाकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र मात्र डामाडोल भएन, विकास निर्माणका कार्यहरूसमेत ठप्प हुन पुगे । नेपाली जनताको चुलो बन्द हुने अवस्थामा पुगेपनि नाकाबन्दीको नेपाली जनताले डटेर मुकाविला गरे । त्यही बेलादेखि नै ओली नेतृत्वको सरकारसँग नेपाली जनताले समेत चीनसँग पारवहन सन्धी गर्नुपर्ने माग गर्दै आएका थिए । प्रधानमन्त्री केपी ओलीले भारत भ्रमण गरेको एक महिना भएको छ, तर पनि आजसम्म भारतले प्रतिबद्धता जनाएको इन्धनलगायत अन्य अत्यावश्यक वस्तुहरू पर्याप्त मात्रामा आयात हुन सकेको छैन । अहिले पनि जनताले सहज रूपमा इन्धन र ग्यास पाउन सकेका छैनन् । प्रधनमन्त्री ओलीको भारत भ्रमणमा सहजरूपमा इन्धन दिने प्रतिबद्धता भारतले जनाएपनि विभिन्न बहाना बनाएर भारतीय आयल कर्पोरेशनले नेपाललाई आवश्यक पर्ने इन्धन दिन आनाकानी गर्नुले भारतको नियत माथि नै प्रश्न उब्जिएको छ ।

भारत लगाएको अघोषित नाकाबन्दी अघोषित रूपमै खुले पनि जनताले सहज रूपमा इन्धन लगायत अन्य अन्य वस्तुहरू पाउन नसकेको अवस्थामा चीनसँग भएको पारवहन सन्धीले गर्दा अहिले नै त्यसको लाभ लिन सक्ने अवस्था भने छैन । भर्खर सन्धी मात्र भएको छ, त्यसलाई कार्यान्वयन गराउन अनेक प्रकारका सहमति, सम्झौता गर्न आवश्यक हुन्छ । सडक मार्ग समेत बनिनसकेको अवस्थामा भएको पारवहन सन्धीले कालान्तरमा नेपाललाई फाइदा पुग्ने भएकाले अब चीन र नेपाल दुवैले पारवहन सन्धीलाई छिटो कार्यान्वयनमा ल्याउन बाँकी रहेका कामहरू तिव्र रूपमा अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ । कुनै पनि भूपरिवेष्ठित मुलुकले पारवहन सुविधा पाउनु उसको नैसर्गिक अधिकार हो । संयुक्त राष्ट्रसंघको वडापत्रले समेत त्यसलाई स्वीकार गरेको छ । युद्धको बेलामा समेत पारवहन सुविधा रोक्न नपाइने नियम भएपनि त्यसलाई विश्वका ठूला मुलुकहरूले आफ्नो अनुकुलता अनुसार व्यख्या गर्ने गरेका र साना भूपरिवेष्ठित मुलुकहरूलाई त्यस्तो अधिकारबाट वञ्चित गर्ने प्रयास गरेका हुनाले अब विश्वका कुनै पनि भूपरिवेष्ठित मुलुकहरू एउटै देशमाथि भरपर्ने अवस्था नरहेको हुनाले नेपालले चीनसँग पारवहन सन्धी गरेको हो । हालसम्म नेपालले भारतसँग मात्र पावरहन सन्धी गरेको हुनाले नेपालको भारतसँगको परनिर्भरता बढेको थियो । सामान्य कुरालाई लिएर नाकाबन्दी गर्ने, सामान पर्याप्त मात्रामा नदिने र तेस्रो मुलुकबाट खरिद गरी ल्याएका सामानहरू पोर्टमै राखिराख्ने ड्यामरेज चार्ज तिर्न नसक्ने गरी थोपरी दिनेजस्ता कार्यले गर्दा भूमपरिवेष्ठित मुलुकहरू आक्रान्त हुँदै गएका थिए । यी सबै कारणहरूले गर्दा एक देश माथिको परनिर्भरतालाई क्रमशः घटाउँदै लैजानु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै नेपाल सरकारलाई अर्को मुलुकसँग पनि पारवहन सन्धी गर्न दबाब परेको थियो । त्यही दबाबका कारण चीनसँग पारवहन सन्धी भएको हो ।

भारतले नेपालमाथि अघोषित रूपमा नाकाबन्दी गरेर २०७२ वैशाख १२ गते गएको भूकम्पले गर्दा पीडित भएका जनतामाथि बलेको आगोमा घ्यू थप्ने काम गरेको छ । भूकम्पले गर्दा पीडित भएका जनताले समेत इन्धनको अभावमा चुलो बाल्न पाएनन् । झण्डै सात लाख घरहरू भत्किएका र लाखौंलाख व्यक्तिहरू घरबारबिहीन अवस्थामा रहेको बेला असल छिमेकीले देखाउनु पर्ने असल व्यवहारको सट्टा नाकाबन्दी गरेर जनतालाई कष्टपूर्ण जीवन जिउन बाध्य पारिनु भनेको शत्रुतापूर्ण व्यवहार नै हो । भारत र नेपालका जनताबीच कुनै वैमनश्यता छैन । नेपाली चेलीहरू भारतीय नागरिकसँग विहेबारी गरी जीवन बिताइरहेका छन् भने भारतीय चेलीहरू समेत नेपाली नागरिकसँग विवाह बन्धनमा बाँधिएका छन् । त्यतिमात्र नभइ सदीऔंदेखि भारतीय जनता र नेपाली जनताबीच धार्मिक, साँस्कृतिक सम्बन्ध रहिआएको छ । यदि राजनीतिक दलहरूले राजनीतिक रूपमै केही त्रुटीहरू गरे भने त्यसलाई राजनीतिक रूपमै समाधान गर्नु राजनीतिक दल र सरकारको दायित्व भएपनि त्यसो नगरी जनतालाई दुःख दिने नाकाबन्दी जस्तो अन्तिम हतियार प्रयोग गर्नुलाई कुनै हालतमा पनि उचित मान्न सकिँदैन र त्यसले सहीरूपमा समस्याको समाधान समेत दिन सक्दैन । भारतले २०२७, २०४५ र २०७२ गरी तीन पटक नाकाबन्दी गरेको थियो । यी तीनै नाकाबन्दी अलग–अलग परिस्थितिमा भएको थियो । बहुदलीय व्यवस्थाको प्रादुर्भाव भइरहेको, मुलुक गणतन्त्रमा गइकसको र धर्मनिरपेक्ष राष्ट्र घोषणा भइसकेको अवस्थामा २०७२ सालमा नाकाबन्दी लगाइनुको पुष्टी हालसम्म पनि भारतले गर्न सकेको छैन । नाकाबन्दीले समस्याको समाधान नहुने प्रमाणित त उसले अघोषित रूपमा लगाएको नाकाबन्दी अघोषित रूपमै खोल्नुले गरिसकेको छ । यी सबै कारणहरूले गर्दा अब नेपाल सरकारले एउटै देशमाथिको परनिर्भरतालाई क्रमशः हटाउँदै लगेर दक्षिण एसियाका अन्य मुलुकहरूसँग समेत पारवहन सन्धी गर्नु आवश्यक छ । त्यसैक्रममा चीनसँग गरिएको पारवहन सन्धीलाई महत्वपूर्ण कडीका रूपमा लिन सकिन्छ । अब जतिसक्दो चाँडो त्यसलाई व्यवहारमा लागु गरेर त्यसबाट फाइदा लिन सक्नुपर्छ ।

भारत र चीन दुवै हाम्रा छिमेकी मुलुकहरू मात्र नभएर विश्वको अर्थतन्त्रमा दुवै मुलुक उदाउँदा राष्ट्र भएका हुनाले यी दुवै मुलुकसँग हामीले समान व्यवहार गर्नुपर्छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीनले गरेको विकासलाई हामीले हेरेर बस्ने अवस्था होइन । उत्तरी छिमेकी मुलुक चीनले नेपालको उत्तरी नाकाहरूमा गरेको विकासलाई हामीले नेपालको भूमीसम्म विस्तार गर्न सकेको खण्डमा नेपालको विकास हुन धेरै समय लाग्दैन । आजको विश्व एउटा गाउँजस्तो मात्र भएको छ । एकै ठाउँमा बसेर विश्वको नक्सा हेर्न सकिन्छ, त्यहाँ भएका विकास निर्माणका कार्यहरूसमेत सहजरूपमा थाहापाउन सकिने अवस्था भएकाले हामीले भारत र चीन दुवैसँग हात मिलाउँदै दुवै मुलुकलाई फाइदा पुग्ने गरी विकास निर्माणका कार्यहरू अघि बढाउन सकेको खण्डमा त्यसबाट चीन र भारतलाई समेत सहयोग पुग्न सक्ने अवस्था रहन्छ । नेपालमा भएको अपार जलस्रोतलाई सही रूपमा प्रयोगमा ल्याउन सकेको खण्डमा चीन र भारतमात्र होइन सार्क मुलुकभित्रका अन्य राष्ट्रले समेत नेपालको बिजुली बाल्न पाउने अवस्था रहन्छ । अपार जलस्रोत उपयोग नेपाल सरकार र नेपाली जनताले मात्र गर्न सक्ने सम्भावना नरहेको हुनाले जलविद्युत विकासको क्रममा नेपाल सरकारले विदेशी दातृ निकायहरू र मित्र राष्ट्रहरूलाई गुहार्नु पर्ने बाध्यता रहेको छ । माथिल्लो कर्णाली, अरूण, बुढीगण्डकी जस्ता नदीहरूबाट उत्पादन हुने विजुलीले गर्दा नेपालाको विकासमा ठूलो सहयोग पुग्ने सम्भावना रहेको हुनाले अब सरकारले त्यसतर्फ ध्यान दिनु उपयुक्त हुनेछ । आफ्नो देशको विकासका लागि आफ्नै स्रोत परिचालन गर्नु उपयुक्त हुने भएपनि आफ्नो स्रोत साधानले नपुग्ने अवस्थामा दातृ निकायहरूलाई गुहार्नु बाध्यता पनि हो भन्ने हेक्का राष्ट्रवादी कहलिने राजनीतिक दलहरूले समेत बुझ्नै पर्छ । भोको पेटले कोही पनि राष्ट्रवादी हुन सक्दैनन्, राष्ट्रवादी हुनका लागि मुलुकको विकास पनि हुनुपर्छ । जनताले एक छाक खान पाएको अवस्थामा ऊ स्वतः राष्ट्रवादी बन्न सक्छ ।

साताव्यपी चीन भ्रमणमा रहेका प्रधानमन्त्रीले चीनसँग रेल सञ्जाल तथा सडकबाट सम्पर्क बढाएर दक्षिण एसिया तथा चीनबीचको पुलका रूपमा काम गर्न इच्छुक रहेको चीनको वेइजिङस्थित रेममिन विश्वविद्यालयमा आयोजित वान बेल्ट वान रोड अवधारणा सम्बन्ध विषयक प्रवचन कार्यक्रममा बताएका छन् । सो अवसरमा प्रधानमन्त्री ओलीले दिएको प्रवचनलाई चिनियाँ बुद्धीजिवी र चिनियाँ नेताहरूले प्रसंशा समेत गरेका हुनाले अब त्यसै अनुरूपको कार्य सरकारले अगाडि बढाएको खण्डमा मात्र प्रधानमन्त्री ओलीको चीन भ्रमणको सार्थकता रहन सक्छ । विदेशमा जाँदा प्रायः सबै सरकार प्रमुखहरूको भ्रमणले प्रसंशा पाउने भएपनि आफ्नै मुलुकभित्र भने आलोचित हुने गरेका छन् । राजनीतिक दलहरूबीचको खिचातानी र अस्वस्थ प्रतिस्पर्धाले गर्दा दलहरू एक मत हुन नसक्नु र सत्तामा पुगेपछि आफैंले गरेका प्रतिबद्धताहरू पुरा नुहने परम्परा कायम रहेको हाम्रो वर्तमान अवस्थामा प्रधानमन्त्री ओलीले चीनसँग गरेका प्रतिबद्धताहरू पुरा होलान ? त्यो समयले बताउने भएपनि अहिले चीनसँग भएको १० बुँदे सहमति कार्यान्वयन भएमा त्यसले नेपालको हित गर्नेमा कुनै शंका रहँदैन ।

*devendrachudal@gmail.com*

# संविधानलाई सधैं बुख्र्याँचा बनाइरहन पाइँदैन



राजन कार्की

संविधान भए कार्यान्वयन हुनुपर्छ र देश संविधानअनुसार चल्नुपर्छ । राजनीतिक दलहरूको भागबण्डामा चल्ने चलाउने हो भने लोकतन्त्र किन भन्नु, संविधानको धक्कु किन लगाउनु र गणतन्त्र गणतन्त्र भनेर मन्त्र किन जप्नु ? झण्डै नब्बे प्रतिशत जनमत र जनबलबाट घोषणा भएको संविधान जनताले अपनत्व ग्रहण नै गर्न सकेनन् । सात महिना भइसक्दा पनि संविधान कार्यान्वयनका लागि प्रतिपक्ष विहीन राष्ट्रिय सरकार बनाउनु पर्छ भनेर संवैधानिक शक्तिहरू हारगुहार गरेको देखिनु नयाँ संविधानको योभन्दा दयनीयता अरू के हुनसक्छ ?

हो, द्रुतगतिमा संविधान जारी भएपछि द्रुतगतिमै बनेको सरकार हो ओली सरकार । संसदका ३१ मध्येका १७ पार्टी, ४० सदस्यीय सरकारको गठन गरेपछि पनि देशमा सरकार छ भन्ने अनुभूति जनताले गर्न सकेनन् । यो कति लोकतान्त्रिक सरकार हो, जसको अनुभूति लोकले गर्न सकेनन् ? लोकमैत्री बन्न नसकेको सरकारले आफूलाई लोकतान्त्रिक भन्नु पनि लाजमर्दो स्थिति छ ।

यो सरकारले मधेस आन्दोलनलाई संबोधन गर्न सकेन । भारतीय नाकाबन्दीलाई नाकाबन्दी भन्न सकेन र नाकाबन्दीलाई राष्ट्रवादी नारामा उल्फाउने काम गऱ्यो । प्रधानमन्त्री दिल्ली भ्रमणमा गए, उनले नाकाबन्दी किन गरियो ? लिपुलेक नेपालको हो, नेपालको भूमिबाट भारत र चीनले कसरी व्यापार गर्ने सन्धि गर्नसक्छन् भनेर सोध्नसमेत सकेनन् । तैपनि प्रधानमन्त्री ओलीले नेपाल-भारत सम्बन्धमा देखिएको तिक्तता समाप्त भयो भनेर गुड्डी हाँक्न छाडेनन् । ओली फर्कनासाथ भारतले लुम्बिनीपारी नक्कली लुम्बिनी बनायो र बुद्ध भारतमा जन्मेका हुन् भनेर नयाँ भ्रम विश्वभरि छर्ने प्रयत्न गरिरहेको छ । ओली सरकार भारतको यो ज्यादतिविरूद्ध जिब्रो तालुमा टाँसेर बसेको छ । ओली सरकार कति देशभक्तिपूर्ण हो, योभन्दा अर्को प्रमाण खोजिरहनुपर्छ र ?

संवैधानिक राजतन्त्र र हिन्दूराष्ट्र हुनुपर्छ भन्ने राप्रपा नेपाल, संघीयता चाहिन्न, देश तोड्न पाइन्न भन्ने राष्ट्रिय जनमोर्चाको तोक्मा टेकेर उभिएको ओली सरकारभित्र एकजान यस्ता मन्त्री छन् जसले सिंहदरवारभित्रैको मन्त्रालयलाई क्रिश्चियन बैठक हल बनाए । प्रधानमन्त्री ओली भन्छन्- लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान कार्यान्वयन गरेर देखाउँछु । योभन्दा हँसीमजाकपूर्ण उखानटुक्का अरू के हुनसक्छ ?

ठूलो दलको कांग्रेस । प्रतिपक्षमा छ । संविधान जारी गरेपछि ताजा अधिवेशन गरेर नेपाली कांग्रेसको नयाँ नेतृत्व नयाँ जोश र नयाँ जाँगरका साथ जनसमक्ष प्रकट भएको छ । तर महामन्त्री शशांक कोइराला र शक्तिशाली केन्द्रीय सदस्य खुमबहादुर खड्का दुबैले गणतन्त्र र धर्मनिरपेक्षतामा पुनर्विचार हुनुपर्छ भन्ने अभिव्यक्ति सार्वजनिक गरिसके । खुमबहादुर खड्काले त धर्मनिरपेक्षता लाद्न पाइन्न, जनमत संग्रह गरौं, जनादेश सबैले मानौं भन्ने चुनौतिसमेत दिएका छन् । अहिलेसम्म त नेपाली कांग्रेस कम्युनिष्ट लाइनमै छन्, कदाचित कांग्रेसले जनमत संग्रहको पक्षमा निर्णय गऱ्यो र धर्मनिरपेक्षता, संघीयता, मधेस आन्दोलनलगायतका सबै राजनीतिक समस्याहरूलाई जनमत संग्रहबाट सदाका लागि अन्त्य गरौं भन्ने प्रस्ताव अघि सार्‍यो भने कुनै लोकतान्त्रिक दलले हुन्न भनेर नकार्न सक्छन् ?

प्रजातन्त्रकोसौन्दर्य भनेको विवाद, संवाद र जनादेश हो । शक्तिपृथकीकरण मूल मर्म हो । अहिले न्यायपरिषदले ११ न्यायाधीशमा गरेको सिफारिस बिबादमा परेको छ । सरकारले तोक्ने र नेपाल बारका प्रतिनिधि जसलाई विशेषज्ञ मानिएको छ, तिनको अभावमा कल्याण श्रेष्ठजस्ता धुरन्धर, काबिल प्रधानन्यायाधीशमाथि दबाब दिएर सरकारले अपूरो न्यायपरिषदबाट न्यायाधीश सिफारिस गराइयो । सभामुखले त्यो सिफारिसलाई फिर्ता गरिदिए । छलफल गरेर पुन त्यो सिफारिस संसदमै पठाइएको छ । संसदीय समितिमा सुनवाई गर्नैपर्ने संवैधानिक बाध्यता छ तर संसदमा नियमावली नै पारित भएको छैन, समिति कहिले बन्ने टुंगो छैन । अर्थात कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाविच मतभेद बढेको छ । यस्ता कमजोरीहरू किन बढ्दै गएका छन् ? विधि बसेपछि त सबैकुरा विधिबाटै चल्नुपर्ने होइन र ?

शक्तिको केन्द्रीकरण कम्युनिष्ट सिद्धान्तमा मात्र हुन्छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकामा अहिले जे भइरहेको छ, त्यो शक्तिलाई कम्युनकरण गर्ने क्रमिकता हो । त्यसमाथि पार्टीका कोटाबाट सांसद भइसकेका अधिवक्तालाई समेत न्यायाधीशमा सिफारिस गरिएको छ । संसारमै नपाइने नजीर हो यो, जुन अहिलेको न्यायाधीश सिफारिसमा देखियो । त्यसमाथि राणाकालमा धीरशमशेरले १६ भाइको रोलक्रम बसालेजस्तो सर्वोच्च अदालतमा पालैपालो आफ्ना सिफारिसका व्यक्तिलाई न्यायाधीशपछि प्रधानन्यायाधीश बनाउने रोलक्रम तोकेर सिफारिस गर्नु हुन्थ्यो कि हुन्थेन ? यी यस्ता प्रश्नहरू हुन्, जसले लोकतन्त्रका मर्म र मर्यादामाथि नै प्रश्नचिन्ह उठाएका छन् ।

०६३ साल वैशाख ११ को परिवर्तनपछि जे देखियो, २०७२ साल असोज ३ गते संविधान जारी भएपछि पनि त्यही विकृति र बिसंगति यथावत कायम छ । मन्त्रीमा भागबण्डा, संवैधानिक नियुक्तीमा भागबण्डा, सचिव सरूवा, बढुवामा भागबण्डा, न्यायपरिषदमा भागबण्डा, न्यायाधीशमा भागबण्डा, राजदूत नियुक्तिमा भागबण्डा । मानौं, सरकार भनेको सिण्डिकेट हो, यो सिण्डिकेटमा केही ठूला दलहरूबीच भागबण्डा हुन्छ र सिण्डिकेट चलिरहन्छ । नयाँ संविधानले यस्ता सिण्डिकेटका जालो फाल्न सकेन । यहीकारण हो, संविधान कार्यान्वयन हुनै सकेन ।

**संवैधानिक राजतन्त्र र हिन्दूराष्ट्र हुनुपर्छ भन्ने राप्रपा नेपाल, संघीयता चाहिन्न, देश तोड्न पाइन्न भन्ने राष्ट्रिय जनमोर्चाको तोक्मा टेकेर उभिएको ओली सरकारभित्र एकजान यस्ता मन्त्री छन् जसले सिंहदरवारभित्रैको मन्त्रालयलाई क्रिश्चियन बैठक हल बनाए । प्रधानमन्त्री ओली भन्छन्- लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान कार्यान्वयन गरेरदेखाउँछु । योभन्दा हँसीमजाकपूर्ण उखानटुक्का अरु के हुनसक्छ ?**

मानौं लोकतन्त्रलाई केही ठूला पार्टीहरूले गिद्धले सिनो लुछेझैं देशलाई लुछ्ने परिपाटी हो । अब संविधान कार्यान्वयन गर्न कांग्रेस पनि सरकारमा सामेल हुनुपर्ने कुरा उठिरहेको छ । स्वयं प्रचण्ड, जो यो सरकार बनाउने र टिकाउने माष्टर की हुन्, उनले यो सरकार अब एकडेढ महिनाभन्दा बढी टिक्लाजस्तो छैन भन्दैछन् । एमाओवादीको केन्द्रीय समितिको बैठकमा अधिकांश सदस्यले सरकारको आलोचना गरे, माओवादी आठ मन्त्री प्रभावकारी हुननसकेकाले फर्काउनुपर्छ भन्ने माग गरे, ओलीको चीन भ्रमणमा आपूर्तिमन्त्रीको नाम काटेर माओवादीको बेइज्जत गर्ने ओलीविरूद्ध धेरै सदस्य खनिए तर प्रचण्डले निर्णय सुनाइदिए- मन्त्रीहरू अहिले सरकारबाट फर्काइन्न । अर्थात् सिण्डिकेटभित्र कुरा मिलिसकेको छैन । ओली चीनबाट फर्केपछि सम्भवतः कुरा मिल्छ र सरकार परिवर्तन हुन्छ ।

राप्रपा नेपालले देशव्यापी रूपमा हिन्दूराष्ट्र जागरण अभियान सुरु गरिसक्यो । कांग्रेसी खुमबहादुर खड्का हिन्दूराष्ट्र ल्याइन्छ, ल्याइन्छ भनेर उफ्रीन थालेका छन् । राप्रपा नेपालजस्तै सरकारमै भएको अर्को दल राष्ट्रिय जनमोर्चाले देशव्यापी रूपमा संघीयताविरोधी अभियान थालेको छ । सरकार बाहिर रहेका विप्लव माओवादी जनसरकार गठन गर्दै भण्डाफोर अभियान चलाइरहेको छ । मधेसतिर सिके राउतको भूमिगत फौजी संगठन मधेस देशको पर्चा, पम्पलेट, ब्यानर टाँग्न थालिसक्यो । अरू भूमिगत सशस्त्र समूह र जयप्रकाश गुप्तालगायतका मधेसी संगठनहरू र मधेसी लोकतान्त्रिक मोर्चाहरू वैशाखदेखि आन्दोलनको आँधिबेहरी ल्याउने हल्ला गरिरहेका छन् । भन्नुको अर्थ संविधानका सामु चुनौति नै चुनौति छन् र ती चुनौतिले संविधानलाई बुख्र्याँचामा सिमित पारिदिएका छन् । असंवैधानिक बढ्दो छ, संविधानमा असंवैधानिकता रोक्ने ताकत छैन । कसरी शासनव्यवस्था दुरूस्त हुनसक्छ ?

संविधान संसदको दुई तिहाई बहुमतले पारित त भयो । पारित हुँदैमा संविधान संविधान हुने होइन रहेछ । संविधानमा राजनीतिक विश्वास र जनताको समर्थन नरहँदाका अवस्थामा जतिसुकै उत्कृष्ट संविधान भए पनि त्यो कागजको खोस्टो हुनेरहेछ । अहिले मुलुकमा संविधान जारी भएर पनि जुन अराजकता र अव्यवस्था देखिएको छ, त्यो भनेको संविधान कागजको खोस्टोमात्र हो भन्ने नै हो ।

ओलीले चीन पुगेर पनि लिपुलेकबारे कुरा उठाउन सकेनन् । नेपालको भूमिको रक्षा गर्न नसक्ने प्रधानमन्त्रीले जतिसुकै सफल भ्रमण गरे पनि त्यो देशभक्तिपूर्ण हुनसक्दैन । ओलीको चीन भ्रमण यही कोटीमा पर्छ ।

र, अब संविधानका प्रति देखिएका विवादको टुंगो लाग्नु जरूरी छ । चाहे राजनीतिक सम्मेलन गरेर, चाहे जनमत संग्रह गर्ने हिम्मत गरेर । देश सधैं संक्रमणमा रहिरहन सक्देन । केही पार्टीका तुष्टिका लागि सिण्डिकेटतन्त्र चलिरहन पनि सक्दैन । त्यसैले अब निर्णय हुनैपर्छ । राष्ट्रिय निर्णयका लागि सबै राजनीतिक दलहरू र शक्तिहरू तयार हुनैपर्छ ।

# आधिकारिक ट्रेड युनियनको चुनाव अनिश्चित

काठमाडौं । सरकारद्वारा यही २८ चैतमा घोषणा गरेको कर्मचारीको आधिकारिक ट्रेड युनियन निर्वाचन निर्धारित समयमा नहुने सम्भावना बढेको छ । हाल कायम रहेका कर्मचारीका आधिकारिक मानिएका सात संगठनमध्ये चार संगठनले निर्वाचन रोक्ने उद्देश्यका साथ एकीकृत सञ्जाल बनाएर आन्दोलन थालेपछि निर्वाचन निर्धारित समयमा हुन समस्या देखिएको हो ।

हाल कायम रहेका सातवटा ट्रेड युनियनमध्ये एमाओवादीनिकट नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती), नेपाल मधेसी निजामती कर्मचारी मञ्च, नेपाल राष्ट्र सेवक कर्मचारी संगठन र राष्ट्रिय कर्मचारी संगठनले २० प्रतिशतको थ्रेसहोल्डसम्बन्धी व्यवस्था नहटाउँदासम्म निर्वाचन हुन नदिने अडान लिएका छन् ।

सरकारद्वारा ०६४ सालमा गरिएको निजामती सेवा नियमावलीको संशोधनमा चारवटा ट्रेड युनियनको मात्रै सहभागिता हुने गरी आधिकारिक ट्रेड युनियनको कल्पना गरिएको थियो । त्यतिबेला चारवटा मात्रै ट्रेड युनियन अस्तित्वमा थिए । तर, हाल ०७२ सालसम्म आइपुग्दा कर्मचारीका सातवटा ट्रेड युनियन पुगेपछि सातवटै ट्रेड युनियनको सहभागिता रहने गरी एउटा आधिकारिक ट्रेड युनियन बनाउनुपर्ने माग हालका चारवटा संगठनले गर्दै आएका छन् ।

ती चारवटा संगठनले सरकारले निजामती सेवा नियमावली संशोधन गरी सातवटै संगठनको प्रतिनिधित्व हुने गरी नयाँ कानुनी व्यवस्था गर्नुपर्ने माग उनीहरूको छ । तर, एमालेनिकट नेपाल निजामती कर्मचारी संगठन, कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियन (संघ) र राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्र भने थ्रेसहोल्ड नहटाई हालकै नियमावलीअनुसार निर्वाचन गराउनुपर्ने पक्षमा उभिएका छन् । आधिकारिक ट्रेड युनियनलाई सशक्त बनाउन पनि थ्रेसहोल्डको प्रावधान यथावत् राख्नुपर्ने उनीहरूको अडान छ ।

हालको नियमावलीअनुसार २० प्रतिशत थ्रेसहोल्ड कायमै राखेर निर्वाचन गर्न खोजिए त्यस्तो निर्वाचन बिथोल्ने चेतावनी ती संगठनले दिएका छन् । चार संगठनले थ्रेसहोल्ड हटाउन संयुक्त अभियान थाल्ने गरी गठन गरेको सञ्जालका प्रवक्ता रहेका राष्ट्रिय कर्मचारी संगठनका महासचिव प्रभास शाहले सरकारले थ्रेसहोल्ड नहटाई निर्वाचन प्रक्रिया अघि बढाए केन्द्रीय निर्वाचन अधिकृतको कार्यालयमा तालाबन्दी गर्ने चेतावनी दिए ।

'हामीले थ्रेसहोल्ड हटाउन सामान्यमन्त्री, श्रममन्त्रीलगायतलाई ज्ञापनपत्र दिएका छौं, कार्यान्वयन नगरिए केन्द्रीय निर्वाचन कार्यालयमा तालाबन्दी गर्ने कार्यक्रम तय गरेका छौं,' शाहले भने । शाहले छिटोभन्दा छिटो थ्रेसहोल्डको व्यवस्था नहटाए चार संगठन आबद्ध सञ्जालले छिट्टै निर्वाचन बिथोल्ने गरी विशेष विरोध र आन्दोलनका कार्यक्रम ल्याउने तयारी गरेको चेतावनी दिए ।

एमाओवादीनिकट नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती) का अध्यक्ष हरि रावलले आफूहरू निर्धारित समयमा नै निर्वाचन हुनुपर्छ भन्ने मान्यतामा भए पनि सरकारले सहमति कायम गर्न नसक्दा निर्धारित समयमा निर्वाचन कठिन देखिएको बताए । सरकार भित्री रूपमा निर्वाचन चाहँदैन भन्ने उसकै गतिविधिले पुष्टि गरेको रावलको आरोप छ । रावलका अनुसार सरकारले ०६४ सालकै नियमावलीअनुसार निर्वाचन गराउन खोजेकाले समस्या भएको हो ।

एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष पुण्यप्रसाद ढकालले थ्रेसहोल्डकै आधारमा निर्धारित समयमा निर्वाचन हुनुपर्ने अडान कायमै रहेको बताए । अध्यक्ष ढकालले आधिकारिक ट्रेड युनियनलाई शक्तिशाली र गतिशील बनाउन पनि २० प्रतिशत थ्रेसहोल्ड हटाउन नहुने जिकिर गरे ।

नेपाल निजामती कर्मचारी युनियन (संघ) का अध्यक्ष सुबोधकुमार देवकोटाले ट्रेड युनियन निर्वाचको विश्वव्यापी अभ्यासअनुसार पनि निश्चित थ्रेसहोल्डको व्यवस्था हुने भएकाले यसलाई कुनै हालतमा पनि हटाउन नहुने बताए । २० प्रतिशत जुटाउने सामर्थ्य नभएकाहरू ट्रेड युनियनमा लाग्नुको अर्थ नभएको भन्दै अध्यक्ष देवकोटाले थ्रेसहोल्ड हटाएर गराइने निर्वाचन आफूहरूका लागि मान्य नहुने धारणा राखे ।

पछिल्ला दुई सातायता सामान्य प्रशासनमन्त्री रेखा शर्मा, श्रममन्त्री दीपक बोहोरा तथा मन्त्रालयका उच्च पदाधिकारी र केन्द्रीय निर्वाचन अधिकृतको कार्यालयले पनि सातवटै ट्रेड युनियनका पदाधिकारीसँग कयौंपटक वार्ता, संवाद र छलफल गरेको छ । तर, यी सबै वार्ता संवाद निरर्थक हुँदै आएकाले पनि निर्वाचन निर्धारित समयमा हुन कठिन देखिएको हो । सामान्य प्रशासनमन्त्री रेखा शर्माले अझै पनि सात संगठनबीच सहमति खोजेर साझा सहमतिकै आधारमा निष्कर्ष निकालेर निर्धारित समयमा नै निर्वाचन गराउने प्रयासमा सरकार रहेको बताइन् । 'कसैले पनि मेरो गोरूको बाह्रै टक्का गर्नु हुँदैन, सबै सहमतिमा आएर निर्धारित समयमा नै निर्वाचन गराउन सहयोग गर्नुपर्छ,' मन्त्री शर्माले भनिन् ।

# राज्यको व्यवहारले मधेशको धैर्य टुट्दै

*रानीशर्मा तिवारी*

कुनै पनि भुगोल कुन देशमा रहने भन्ने निर्णय शासकहरूको शक्ति वा युद्धले निर्णय गरेको इतिहास छ । बलवान शासक वा देशले कमजोर क्षेत्र, भुगोल वा समुदायलाई बल वा छलपुर्वक आप्नो भुमीमा समाहित गरेको विभिन्न ईतिहासका पानाहरूले स्पस्ट पारेका छन् । पौराणिक काल देखि आधुनिक ईतिहास सम्ममा कतिपय भुगोल एक देशले अर्को देश वा शासकलाई कर वा उपहारस्वरूप सुम्पेका प्रशस्त उदाहरण छन् ।

विभिन्न देशहरु सहमतिमा आपसमा गाभिएका पनि ईतिहास नभएको होईन । संयुक्त राज्य अमेरिका देशहरु गाभिएरै बनेको संघिय देश हो । आधुनिक ईतिहासको कालखण्डमा विभिन्न देशमा बलपुर्वक गाँभिएका वा उपहारस्वरूप प्राप्त भुगोलको भुमीको भरपुर दोहन गर्ने तर त्यहाँको मानविय विकासलाई महत्व नदिने, त्यस भुगोलको संस्कृति, भाषालाई समाप्त पार्ने जस्ता काम प्रशस्त रूपमा भएका छन् ।

दक्षिण एसियामा राज्यको विस्तार र विखण्डनको लामो इतिहास पछि अंग्रेजले भारत छोडे सँगै हालका देशहरूको निश्चित सिमा स्थीर भएको हो । हालको नेपालमा पनि पाहाडमा प्रसस्त साना तिना बाईसे र चौबिसे भनिने राज्यहरु रहेको ईतिहासमा वर्णित छ । तर हालको नेपालमा रहेको मधेश र त्यहाँका राजा वा शासकहरूको बारेमा खासै उल्लेख पाइँदैन । तर ऐतिहासिक दस्तावेजहरूले मधेशको भुमीको अधिकांश भाग अंग्रेजहरूले उपहार स्वरूप विभिन्न कालखण्डमा नेपाली शासकहरूलाई बुझाएको पुष्टी गरिरहेको दावी विभिन्न विद्वानहरूले गरेका छन् ।

मधेश नेपालमा बलपूर्वक गाँभियो वा अंग्रेजले उपहारस्वरूप नेपाली शासकलाई बुझाए, त्यस विषयमा चर्चा गर्नुभन्दा पनि मधेश नेपालमा गाँभिए पछि के भयो र हाल के भईरहेको छ भन्ने महत्वपूर्ण छ । नेपाली शासकहरूले पनि मधेशको जमिन, जंगल र मानव संशाधनको व्यापक दोहन त गरे, तर त्यहाँको धर्म, भाषा, संस्कृतिको विकास गर्नुको सट्टा उल्टो मधेशको धर्म, भाषा, संस्कृतिलाई समाप्त पार्नमा लागे ।

प्रशासन देखि राजनीतिक ओहदामा समेत मधेशका समुदायको उपस्थिती नगण्य नै रह्यो । मधेशमा बोलिने, हिन्दी, थारु, मैथिलि, बज्जिका, भोजपुरी, अवधी, संथाली, उर्दु लगायतका भाषालाई नेपालको भाषा सरह व्यवहार नै गरिएन । राजधानी लगायतका पाहाडि स्थानमा मधेशी समुदायलाई अपमानजनक व्यवहार गर्ने गरेको पनि ईतिहास धेरै पुरानो छैन ।

मधेशका रैथाने बासिन्दाहरूलाई आफ्नै भुमिमा विदेशीसरह व्यवहार लगातार भइरह्यो । राज्य र शासक वर्गको व्यवहारबाट आजित भएका मधेशी जनताको संगठित भई अधिकारका लागि लड्ने चाहनाले २०१५ सालबाट २०४७ साल हुँदै २०६३ सालको मधेश विद्रोहमा मुर्त रूप लिएपछि राज्य मधेश सँग सम्झौता गर्न बाध्य भयो ।

राज्य पक्ष र मधेश बिच सम्झौतासँगै मधेश प्रदेश स्थापना लगायत मधेशका मुद्दाहरु सम्बोधन हुने आशा मधेशमा पलाएको थियो । फलस्वरूप त्यस बखत मधेशलाई अलग देश बनाउने उद्देश्यका साथ गठन भएका सशस्त्र समूहहरु विस्तारै निस्तेज हुँदै गए ।

दोस्रो संविधानसभाबाट संख्या बलको दुरूपयोग गर्दै मधेशको भावनाको प्रतिकुल हुनेगरी संविधान जारी गर्ने तयारी बढ्दै गएपछि मधेशमा २०७२ साल श्रावणको तेस्रो साताबाट आन्दोलन सुरु भयो । मधेशमा आगो बलिरहँदा र दर्जनौं मधेशीको छाती र टाउकोमा गोली हानेर प्रहरीले हत्या आत[illegible] मच्चाईरहेको अवस्थालाई नजरअन्दाज गर्दै २०७२ साल आश्विन ०३ गते संविधान जारी मात्र गरिएन मधेशी शहिदको लाशमाथी दिपावली गर्ने काम समेत राज्यले गर्यो ।

यसबाट अझ आक्रोशित मधेशले सरकारी दिपावली बहिस्कार मात्र गरेन मधेशभरी घरघरमा कालो झण्डा झुण्ड्याउँदै ब्ल्याक आउट समेत गर्यो । आम हड्ताल, सीमा अवरोध र सडकमा आम मधेशी जनताको आक्रोश र उपस्थितिबाट अतालिएको सरकारले एकातर्फ वार्ताको अन्तहीन नौट[illegible] जारी राख्यो भने अर्कोतर्फ आम मधेशी आन्दोलनकारीको हत्या, धरपकड र दमन जारी राख्यो । यसबाट मधेशको आक्रोश अझ बढेर गयो ।

हुनत राज्यले संविधानका दुई वटा धारा संसोधन गर्यो तर त्यसले मधेशको मुख्य मागहरूलाई खासै सम्वोधन गर्न सकेन । पछिल्लो समय कार्यदल गठन गरेर समस्या समाधानको प्रयास प्रदर्शन गरिए पनि खासै सकारात्मक रूपमा अगाडि बढ्न सकेन । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सिमांकनको मुद्दामा समेत चलक भएर राजनीतिक समितिको माध्यमबाट तिन महिनामा समाधान गर्न सहमत हुँदा समेत सरकार पक्ष विभिन्न बहानामा विलम्ब गरिरहेको छ । त्यती मात्र होईन यही समयमा वार्ता समिति र कार्यदलमा भएको सहमति विपरित मधेशका जिल्लाहरूमा आन्दोलनको दौरान भएका भनिएका विभिन्न घटनामा झुठा मुद्दा लगाएर मधेशी मोर्चाका नेता कार्यकर्ता मात्र होईन आम मधेशी युवालाई गिरफ्तार गरेर मुद्दा चलाउन थालिएको छ ।

वार्ताको वातावरणलाई सहज बनाउन आन्दोलनका कार्यक्रम समेत केही सहज बनाएर लचकता देखाईरहेको मधेशी मोर्चाको यस व्यवहारलाई कमजोरी ठाने जस्तो व्यवहार सरकारतर्फबाट प्रदर्शित भईरहेको छ । यसबाट वार्ताको वातावरणका लागि शिथिल देखिएको आन्दोलन फेरी भित्र भित्र तातिँदै गएको छ । आम मधेशी जन समुदायमा सरकार र सत्ताधारी समुदाय प्रतिको निराशा र वृतृष्णा बढ्दै गएको छ ।

पछिल्लो समय मधेशमा देश अलग बनाउने वा स्वतन्त्र मधेश राष्ट्र बनाउने नाममा मधेशको विभिन्न स्थानमा भईरहेको सभाहरूमा आम मधेशीहरूको उल्लेख्य उपस्थिती देखिएको छ । यस्ता सभामा बढ्दै गएको जनसहभागिताले मधेशमा नेपाल भित्र मधेश र मधेशीले अधिकार र सम्मान प्राप्त गर्ने कुरामा आम मधेशीको विश्वास कमजोर हुँदै गएको पुष्टि गरिरहेको छ ।

**मधेशका रैथाने बासिन्दाहरूलाई आफ्नै भुमिमा विदेशीसरह व्यवहार लगातार भइरह्यो । राज्य र शासक वर्गको व्यवहारबाट आजित भएका मधेशी जनताको संगठित भई अधिकारका लागि लड्ने चाहनाले २०१५ सालबाट २०४७ साल हुँदै २०६३ सालको मधेश विद्रोहमा मुर्त रूप लिएपछि राज्य मधेश सँग सम्झौता गर्न बाध्य भयो ।**

जब पटक पटकको सम्झौता रद्दीको टोकरीमा राज्यले फाल्न थाल्छ, जब राज्य षणयन्त्र पूर्वक भेदभाव जारी राख्न उद्दत हुन्छ । आम जनतामा असन्तोष बढ्नु स्वभाविक हुन्छ । संविधान निर्माणमा भईरहेका ढिलाई, संविधानमा मधेशको भाषा र संस्कृतिको यथोचित सम्मानको स्थीति सिर्जना नहुनु, मधेश प्रदेश स्थापनाको नाममा परम्परागत सत्ताधारी वर्ग/पार्टीहरु उदासिन हुनु, विभिन्न बहानामा प्रदेशहरूलाई अधिकार विहिन राख्ने षणयन्त्र, इत्यादिका कारण मधेशका आम जनता, बुद्धिजिवी, विद्यार्थी लगायतमा नैराश्यता छाएको छ ।

जब जब अत्याचार, भेदभाव र शोषण बढ्न थाल्छ, त्यहाँ विद्रोह हुनु स्वभाविक हुन्छ । विद्रोह सही वा गलत कुनै पनि दिशामा जान सक्छ । यसको विपरित जहाँ सम्पूर्ण भुगोल र राष्ट्रियताका लागि समान अवसर र सम्मान हुन्छ, त्यस्ता राष्ट्र अझ सबल र एकत्रित हुन्छन् । जहाँ शोषण र भेदभाव हुन्छ, विखण्डनवादको सम्भावना बढ्दै जान्छ ।

मधेशले राज्यबाट मुलभुत रूपमा आफ्नो राष्ट्रियताको पहिचान खोजिरहेको छ । यसलाई केलाएर हेर्दा मधेशले राज्यको हरेक क्षेत्रमा आफ्नो उपस्थिति खोजेको छ । अझ बुँदागत रूपमा भन्दा पहिचान, पहुँच र प्रतिनिधिव खोजेको छ । मधेशले नेपाल राज्यको राष्ट्रियता भित्र आफ्नो राष्ट्रियता पनि झल्कोस भन्ने चाहेको छ, नेपालको भाषिक पहिचानमा आफ्नो पनि भाषा खोजेको छ, नेपालको राज्य संचालनको हरेक अङ्गमा आफ्नो पनि अनुहार खोजेको छ, आफ्नो भुमीमा आफ्नै शासन, प्रशासन भएको प्रदेश (नेपाल भित्र) चाहेको छ ।

अर्को शब्दमा भन्दा मधेशले नेपालमा आफ्नो हिस्सेदारी रहेको कुरामा आश्वस्त हुन चाहेको छ । जुन उसको अधिकार पनि हो । तर त्यस अधिकारको मागलाई लत्याएर जसरी राज्य अगाडि बढी रहेको छ यसले राज्यलाई बिखण्डन र विग्रहमा लैजाने खतरा बढ्दै गएको छ । राज्यको व्यवहारले मधेशको धैर्य टुट्दै गएको छ । मधेशको धैर्य समाप्त भई मधेश र देशले विखण्डन र विग्रहको दिशा लिनु अगावै वुद्धीमत्तापूर्ण ढङ्गबाट यसको समाधान गर्न राज्य अग्रसर भएन भने मधेशको आक्रोश र असन्तुष्टीले अन्ततः मधेश, पाहाड र हिमाल मात्र होईन सिङ्गो देशलाई नै अपुरणिय क्षति हुनसक्छ ।

***(मधेश दर्पण फिचर सेवा)***



# कृषिबाट सम्भव छ देशको समृद्धि

*मदन राई*

प्रत्येक घरघरमा छिनछिनमा चाहिने तरकारी हो । मध्यपहाड र हिमाल तरकारीका लागि धेरै उपयुक्त ठाउँ हो । तरकारी उत्पादनमा जोड दिन सकियो भने आम्दानीको दरिलो स्रोत बन्छ । आम्दानीको अर्को राम्रो स्रोत फलफुल हो । सुन्तला, किबी, एभोकाडो, हलुवावेद, नास्पातीजस्ता उत्पादनले राम्रो बजार पाइरहेका छन्, यसलाई बढावा दिनुपर्छ । त्यसपछि भने पेयपदार्थ तथा मसलाजन्य उत्पादन अर्थात् चिया, कफीले पूर्वी नेपाललाई सम्पन्न बनाउनेछ । अझ अर्गानिक चिया उत्पादनमा वृद्धि गर्न सकियो भने विश्वबजारमा दरिलो उपस्थिति हुनेछ । अर्को आम्दानीको स्रोत भनेको पशुपक्षी हो । पशुबाट प्राप्त हुने मासु, दूधको बजार राम्रो छ, त्यसलाई पनि जोड दिनुपर्ने अवस्था छ । त्यसैगरी, जडीबुटी पनि नेपालको आम्दानीको स्रोत हो । र, अर्को स्रोत भनेको अन्नबाली अर्थात् धान, गहुँ र कोदो हो ।

अहिले धान प्रतिहेक्टर पहाडमा दुई टन र तराईमा तीन टन मात्रै छ । त्यसलाई नौदेखि १० टन बनाउन सकिन्छ । कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरणमा जोड दिनेबित्तिकै उत्पादकत्व ह्वात्तै बढ्नेछ । त्यसका लागि खेतमा गोरु जोत्न बन्द गर्नुपर्छ । गोरुले दिनको तीन रोपनी जोत्छ । र खर्चचाहिँ सय रोपनीबाराबरको हुन्छ । त्यसले गर्दा यान्त्रिकीकरणको आवश्यकता परेको हो । यन्त्रहरु ससाना आउन थालेका छन् । र, ती यन्त्र पहाडका फोक्टामा प्रयोग गर्न मिल्नेछन् । सानो यन्त्रले आठ घन्टामा १० रोपनीसम्म जोत्न सक्छ । यो तराईका लागि पहिलो चरणमा गरिनुपर्छ ।

पहाडी क्षेत्रमा चाहिँ रूख बाली जोड दिनुपर्छ । चिया, फलफुलजस्ता रूख बालीमा जोड दिन सकियो भने कम मिहिनेतमा आम्दानी बढाउन सकिन्छ । जस्तै, अलैंची एकपटक रोपेपछि लामो समयसम्म टिक्ने र मान्छेको हात कम लाग्ने बालीमा पर्छ । यसले आम्दानी पनि आकर्षक दिइरहेको छ । तरकारीमा नाफा छ, त्यो लेकको खर्कहरुमा लगाउन सकिन्छ । यसरी मेसिन र मान्छे कम लाग्ने तर उत्पादन र आम्दानी बढी दिने कृषि बालीमा जोड दिनुपर्छ । यसले समृद्धिको बाटो पहिल्याउँछ ।

त्यसैगरी, तराईको जमिनलाई एकीकृत गर्नुपर्छ । एक बिघा, एक कठ्ठा जस्तो थोरै जमिन भएका मानिसलाई जग्गा एकीकृत गर्न प्रेरित गर्न सकियो भने एकीकृत जमिनबाट आउने आम्दानी बढ्छ भने जनशक्ति र खर्च कम लाग्छ । नेपालमा टुक्रा जमिनमा खेती गर्ने प्रचलन छ । यो परम्परालाई हटाएर जमिनलाई लिजमा दिएर वा बेचेर भए पनि चक्लाबन्दी गर्नैपर्छ । सामूहिक खेती प्रणालीको विकास गर्न सकिन्छ र त्यसलाई बढावा दिने नीति बनाउन पनि आवश्यक छ । त्यसरी जमिनलाई चक्लाबन्दी गर्न केही कानुनको समस्या छ । चक्लाबन्दी कसरी गर्ने भन्ने अहिलेसम्म नियम बनेको छैन । त्यो नीति छिटोभन्दा छिटो निर्माण गरिनुपर्छ ।

यो नीतिसँगै आउने सन्दर्भ भने यान्त्रिकीकरण हो । त्यससँगै कुन जिल्लामा के उत्पादन हुन्छ र केमा जोड दिने भनेर हरेक जिल्लालाई सरकारले कृषि पकेट क्षेत्र घोषणा गर्नुपर्छ । ती क्षेत्रका लागि सरकारले निश्चित अनुदानको व्यवस्था पनि गर्नुपर्छ ।

अर्को, व्यवस्थित सहरीकरण र खेतीयोग्य जमिनको विभाजन हो । आवास, खेती र उद्योगका लागि योग्य जमिन छुट्याएर जमिनको विभाजन गर्नुपर्छ । उत्पादनका लागि योग्य ठाउँमा सहर बसेको रहेछ भने उक्त सहरमा निश्चित समयपछि घर बनाउन पाइँदैन भनेर नीति बनाउने र बिस्तारै खेतीमा रुपान्तरण गर्ने नियम बनाउनुपर्छ । अब त्यो रणनीति अख्तियार गर्न जरूरी छ । आवासका लागि स्थान पहिचान गर्न अनुसन्धान आवश्यक छ र त्यो गर्न ढिला गर्नुहुँदैन । भुइँचालो, बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बच्नका लागि पनि यो आवश्यक हो । पूर्वमा यो काम गर्न धेरै सजिलो छ ।



अब कृषिमा लगानीमैत्री वातावरण पनि बनाउन आवश्यक छ । अहिलेसम्मको हलो जोत्नेलाई जमिन भन्ने तर्क अज्ञानताको पराकाष्ठा हो । अब जोताउनेलाई जमिन दिनुपर्छ । १० कठ्ठाको जमिनमा उत्पादन हुने बालीले खान पुग्दैन भनेर उसलाई १० कठ्ठा थप्नेभन्दा रोजगारी दिने व्यवस्था गर्नुपर्छ । श्रमको सम्मान गर्दै उद्योगीलाई कृषि उत्पादनमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ । त्यसैकारण समृद्धिका लागि अलग रूपमा सोच्नुपर्छ । जमिन, वन, जनशक्ति र पुँजीलाई नयाँ रूपमा परिभाषित गरेर जानुपर्छ र साथमा उपायहरूको खोजी पनि हुनुपर्छ । व्यक्तिमा सीप अभिवृद्धि गर्ने र शिक्षामा जोड दिनुपर्छ, जमिन दिएर हुँदैन । अर्थात् कृषिलाई प्रविधिसँग जोड्नुपर्छ । नेपाल कृषिप्रधान देश होइन, कृषक प्रधान देश हो । यसरी समृद्धि हुँदैन ।

यसका साथै जैविक खेतीको विकासमा पनि जोड दिनुपर्छ । हाम्रो अंगमा निस्किएको हरेक चिज जैविक खेतीका आधारशिला हुन् । बिरूवाबाट निस्केको पत्कर, सोतर काम लागेजस्तै गोबर, पिसाब, चैत-वैशाखको भलसँगै आउने मल जैविक खेतीका लागि मुख्य आधार हो । अहिले हामीहरु २० वर्षमा नेपाललाई विश्वको पहिलो जैविक देश बनाउने अभियानमा लागेका छौं । नेपालमा धान खेतीमा मल हाल्ने चलन छैन । मल हालेको मकैको उत्पादनमा घट्छ तर धानको उत्पादन कहिल्यै घटेको छैन । किनभने वनजंगल हुँदै बगेर आएको कालो भल पानीमा मल बगेर आउँछ । हुन त त्यसरी मलसहित आएको भलको ९० प्रतिशत बंगालको खाडीमा पुग्छ । त्यसलाई छेक्ने चलन छैन । अब छेक्नुपर्छ त्यसो गरियो भने युरिया, पोटास खरिद गर्ने पर्दैन ।

नेपाल ७५ लाख गाई छन् । ५५ लाख भैंसी छन् । ती गाई र भैंसीबाट पिसाब मात्रै दैनिक आठ करोड लिटर हुन्छ । गोबर चार करोड किलो हुन्छ । सबै पिसाब उडेर जान्छ । गोबरको मिथेन पनि उडेर सकिन्छ, भुइँमा छोत्रा मात्रै रहन्छ । यो दुवै प्रयोगमा कम आउँछ । यसरी गोठेमलको सुधार पनि गर्न आवश्यक छ ।

पछिल्ला केही वर्षमा जमिन बाँझो हुन थालेको छ । तराई २० प्रतिशत र पहाडमा ४० प्रतिशत जमिन बाँझो भएको छ । जमिन बाँझो हुने रफ्तार यसरी बढ्दै छ, यो भयंकर खतरनाक हो, जसले गर्दा कृषिजन्य उत्पादनमा आयत बढेको छ । पहिला नेपालमै शतप्रतिशत आम्दानी हुन्थ्यो र १० प्रतिशत निर्यात हुन्थ्यो । अहिले ३० प्रतिशत आयात भइरहेको छ । आयत बर्सेनि बढ्दो छ ।

जग्गा बाँझिने र आयात बढ्ने रफ्तार यसरी नै बढ्ने हो भने अबको १० वर्षमा नेपाली परनिर्भर हुनेछन् । यसको सबैभन्दा ठूलो समस्या किताब पढ्नेले जमिन छुन छोड्नुले हो । ८४ लाख विद्यार्थी किताब पढेर भ्रममा बाँचेका छन् । न तिनीहरुले किताब बुझ्छन्, न केही जान्दछन् । तिनीहरु अमेरिकामा के भएछ, जापानमा के भइरहेछ भनेर जान्न खोज्छन् अनि उतै जान खोज्छन् । उसले नेपालको खाएर पढ्छ तर अलिअलि जान्ने भएपछि जापान, अमेरिका, युरोप हानिन्छ । यो वास्तवमा नेपालका लागि ठूलो घाटा त हो नै । उनीहरुको बिजोगले अर्को समस्या सिर्जना गर्दै छ । उनीहरुको उता बिजोग यता देश र परिवारको बिजोग छ । हालको किताब मात्र पढ्ने प्रणालीले उत्पादकत्व शून्य बनाएको छ, अब शिक्षालाई काममुखी बनाउनुपर्छ र बच्चालाई श्रम गर्न सिकाउनेपर्छ ।


xflb{§ ;dj]bgf



स्व. धनराज्यलक्ष्मी चन्द

यस अभियान साप्ताहिकका शुभचिन्तक तथा हाम्रा आदरणीय दाइ नेपाली सेनाका पूर्वरथी नेपालभूषण चन्दकी ममतामयी माता धनराज्यलक्ष्मी चन्दको यही चैत २ गते मंगलबार ९१ वर्षको उमेरमा असामयिक निधनले हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं । दुःखको यस घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान पशुपतिनाथबाट प्राप्त होस् भनी कामना गर्दछौं ।

देवेन्द्र चुडाल
सम्पादक/प्रकाशक तथा
अभियान साप्ताहिक परिवार
ABHIYAN WEEKLY



नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट

सिन्ह्वा कम्पनी प्रा.लि.

बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०

# महिलालाई राजनीतिमा अवसर खोई ?

संगीता रेग्मी

हरेक क्षेत्रमा महिलाको ३३% सहभागिता अपरिहार्य हुनुपर्ने नेपालको नयाँ संविधानमा उल्लेख भइसकेको अवस्थामा पनि अहिलेसम्म सबै क्षेत्र समावेशी हुन सकेको छैन । महिलालाई शिक्षा, रोजगारी जस्ता अवसरबाट बञ्चित गराई घरमा नै सिमीत राख्नु र बालबच्चा जन्माउने र हुर्काउने मात्र उनीहरूको काम हो भनेर सोच्ने पुरुषहरूका कारण अहिलेसम्म पनि पनि अधिकाश महिलाहरू आत्मनिर्भर हुन सकिरहेका छैनन् । नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि आमरूपमा महिलाको अवस्थामा सुधार आउने अपेक्षा गरिएको थियो । तर त्यतिखेर संसदमा ३२ महिला मात्र सहभागी रहेकी थिइन् । महिलाको प्रतिनिधित्व राष्ट्रिय सभा र प्रतिनिधिसभामा ३ प्रतिशत देखि ५ प्रतिशतसम्म मात्र प्रावधान तोकिएको थियो । नेपालको खुला राजनीतिको यो उदयकाल थियो । सन् २००७ को संसदीय प्रजातन्त्रको उदयसँगै शिक्षित दिक्षित राजनीतिक पार्टी र तिनका नेताहरूको दृष्टिकोण ०४६सालको प्रजातान्त्रिक आन्दोलनको सफलताको आलोकमा पनि सफा र उदार हुन सकेको दृष्टान्त हो यो ।

महिलाहरूलाई राष्ट्रिय सभा र प्रतिनिधिसभामा ३ देखि ५ प्रतिशतसम्मको प्रावधान तोक्नुले यसलाई प्रमाणित गर्छ । नेपालले सशस्त्र संघर्ष बेहोरिसकेको छ । माओवादीहरूले त झन् सबै क्षेत्रमा सबै लिङ्ग, जातिजनजाति, मधेशी, महिला, मुस्लिम दलितको समान अधिकार सुनिश्चित गर्ने लगायतका माग राखी सशस्त्र संघर्ष नै चलाए । माओवादी जनयुद्धको बैठान विस्तृत शान्ति सम्झौतामा पनि यी विषयहरूलाई उठाइएको पाइएको छ ।

महिलाहरूको अधिकार सुनिश्चित गर्न राज्यका सबै अङ्ग र निकायमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व गर्नुपर्ने प्रावधान अन्तरिम संविधानले ग्रहण गरेको पाइन्छ । अहिले त संविधान नै घोषणा गरिसकिएको छ । तर, संविधान घोषणा गरिएपनि मनसायगत दोष राजनीतिक पार्टी र तिनका नेताहरूमा रहने हो भने महिलाको अवस्थामा तत्काल सुधार हुने अवस्था देखिदैन् । हाले नेपाली काङ्ग्रेसले आफ्नो १३ औं महाधिवेशन सम्पन्न गरेको छ । उसको सचिवालयमा एक जना महिलाको प्रवेश भएको देखिएको छ । त्यो मधेशी महिलाको प्रवेश भएको देखिएको छ । तर सचिवालयको संरचनामा कुनै परिवर्तन गरिएको छैन् । सचिवालयको संरचनामा परिवर्तन नगरिए महिलाको अधिकार सुनिश्चिततामा कुनै परिवर्तन हुने छैन । कसरी महिलालाई अध्यक्ष र महासचिव जस्तो नेतृत्वदायी पदमा पुऱ्याउने हो त्यसको नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । सचिवालय मात्रै होइन सिङ्गो केन्द्रीय समितिको संरचनालाई पनि फेर्नुपर्ने आवश्यकता देखिएको छ । तर त्यसो गरिएको छैन् । केन्द्रीय समितिको संरचना आधा आधा हुनुपर्ने थियो ।

अध्यक्ष पद निर्णायक भएकाले महिला र पुरुष प्रतिनिधिको बाँडफाँड आधा आधा हुनुपर्ने थियो । त्यसो नभए संवैधानिक प्रावधान ३३ प्रतिशत सहभागीता अनुरूपको बाँडफाँड अनुरूप केन्द्रीय समितिको संरचना बनाउनुपर्ने थियो । त्यसो नभएको गुनासो व्यापक देखिएको छ । यसका पछाडि पुरुष प्रधान समाजको मनसायगत त्रुटी नै रहेको पाइन्छ । महिला पुरुषबीचको अन्धविश्वासी आधार गहिरो गरी गाडिएको छ । सहर बजारमा पनि पुराना मानसिकताले समाजालाई गाँज्न थालेको छ ।

सामाजिक व्यवहार वास्तविकतामा आधारित भएन भने महिला पुरुष बीचको अन्धविश्वास कायम रहन्छ । छोरीलाई पढाउनु हुँदैन् । कैयौं सामाजिक मान्यताका अधारमा यस्तो मान्यता स्थापित रहेको छ । यद्यपि कानुनी मान्यता यसभन्दा फरक रहेपनि त्यसको व्यवहारिक चलन नभएकाले ती समाजका व्यक्तिहरूले अन्ततः छोरी माइत छोडी जान्छिन् किन धेरै पढाउनु भन्ने मान्यतालाई बहिस्कार गर्नुपर्ने आवश्यकता आइसकेको छ । परिवारले छोरो जस्तो भएपनि पढाउनुपर्ने चेतना र छोरी माइत छोडी जानाले खासै ध्यान नदिने देखिएको पाइन्छ । यसका लागि राजनीतिक दलका नेता, राजनीति दल, राज्यका निकाय, राज्यका निकायका अगुवाहरूको व्यवहारमा सुधार हुनु जरूरी छ ।

कानुन व्यवस्थाका साथ सामाजिक व्यवहार पनि त्यसअनुरूप हुनुपर्ने आवश्यकतालाई ध्यान दिनुपर्ने देखिन्छ । साथै राज्यका विभिन्न निकायमा समानुपातिक प्रतिनिधित्वका आधारमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न त्यस अनुरूपको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ ।

समानुपातिक व्यवस्था अनुरूप योग्य महिलाको संख्या बढाउन राज्यको प्रोत्साहन आवश्यक छ । अधिकार सम्पन्न र अधिकार विपन्न समुदायका महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्न राज्यले सावधिक योजना निर्माण गर्नुपर्नेछ । जसले गर्दा बढीमा आगामी १ दसक भित्र महिलाहरूको योग्य जनशक्ति हरेक क्षेत्रमा सहजै उपलब्ध हुन सक्ने समाजको निर्माण गर्न सघाउने छ । योग्य महिला नै नभएकोले यो पद अरूलाई दिनु परेको वा खाली रहेको थेगो सुन्ने सुनाउने परिपाटीको अन्त्य गराउने योजनालाई बलियो साथ अगाडि बढाउनुपर्ने जिम्मेवारी वर्तमान नेतृत्वको रहेको छ । मनसायगत दोषको उपाय नीति निर्मार्ताहरूले गर्नुपर्ने हुन्छ । महिलाहरूको समानतालाई सुदृढ बनाउने उपाय शिक्षा महत्वपूर्ण भएपनि महिलाको समान सामाजिकीकरण त्यतिकै आवश्यकता रहेको छ । महिलाको समाजिकीकरण गर्नु भनेको पोथी बासेको मनपराउने समाजमा रूपान्तरण गराउनु हो ।

कानुनको समाजिकीकरण गर्नु भनेको यस्ता संस्कारको विस्थापन हो । यसमा ध्यान दिन सबै इमानदार हुन जरूरी छ । भन्नु एक थोक गर्नु अरु थोकको संस्कृतिलाई इतिहास बनाउनु नै उपयुक्त हुने छ ।

# राजकुमार ह्यारीले भेटे गोर्खा सैनिकका परिवारलाई

कास्की । बेलायती राजकुमार ह्यारी मंगलबार पोखरा आएर काठमाडौं फर्किएका छन् । उनले पोखरा- १६ दिपमा रहेको ब्रिटिस गोर्खा क्याम्पमा गएर करिब चार घन्टा बिताएका थिए । सोमबार लमजुङमा बसेका ह्यारी नेपाली सेनाको हेलिकोप्टरबाट मंगलबार बिहान १०:५५ बजे पोखरा आएका थिए ।

विमानबाट उत्रेसँगै उनले सबैलाई नमस्ते गरी अभिवादनसमेत गरेका थिए । त्यसपछि उनी सीधै क्याम्पमा पुगेका थिए । ११:१२ बजे क्याम्प छिरेका ह्यारीसहितको टोली दिउँसो ३ बजे काठमाडौं फर्केको हो ।

गोर्खा क्याम्प पुगेपछि ह्यारीले केही बेर आराम गरेका थिए । त्यसपछि भूपू गोर्खा सैनिक/तिनका परिवार, विभिन्न लडाइँमा सहादत प्राप्त गरेका सैनिकका परिवार, क्याम्पका कर्मचारी तथा गोर्खा वेलफेयरमा कार्यरत कर्मचारीसँग छुट्टाछुट्टै भेट गरेका थिए । विशेषगरी उनले अफगानिस्तान र इराकको लडाइँमा मारिएका नेपाली सैनिकका परिवारसँग उनीहरूका समस्या र अवस्थाबारे बुझेका थिए । सो लडाइँमा १३ जना नेपाली मरेका थिए । उनीहरूका परिवारलाई काठमाडौंस्थित बेलायती दूतावासले राजकुमारसँग भेटका लागि पोखरा जान जानकारी दिएको थियो । गोर्खा रेजिमेन्ट अफ नेपालका अध्यक्ष मेजर भीमबहादुर गुरुङले ह्यारीले पुराना मानिससँगै मेडल पाएकासँग भेट गर्ने इच्छा देखाएपछि दूतावासले गरेको सूचनाको आधारमा पोखरा आएको बताए ।

इराकमा छोरा मारिएका उदयपुरकी ५२ वर्षीया रेनुका राईले ह्यारीले आफूहरूसँग छुट्टै भेट गरेको बताइन् । सन् २०१० अगस्ट २६ मा उनका छोरा रोमन राईको अफगानिस्तानमा मृत्यु भएको थियो । भेटमा ह्यारीले आफूहरूको कुरा सुनेको बताउँदै राईले आफूलाई भाषाका कारण उनको कुरा बुझ्न केही अप्ठयारो भएको बताइन् । राईले आफूले राजकुमारसमक्ष छोराको मृत्युसँगै बुहारीले अर्कैसँग विवाह गरी बसेकाले बेलायत सरकारले दिने सेवासुविधा र मेडल आमाका नाताले आफूले पाउनुपर्ने माग गरिन् ।

खोटाङबाट आफ्नी श्रीमतीसहित आएका ७२ वर्षीय खड्क राईले आफ्नो छोरा युवराज राई सन् २००८ मा मारिएको बताएका थिए । जवाफमा ह्यारीले 'युद्ध हो, युद्धमा जाने सैनिक होस् वा जवान जो कोही पनि मर्न सक्छ, म पनि युद्धमा गएको थिएँ, म पनि मर्न सक्थें, पीर नगर्नुस्, युद्धमा यस्तै हुन्छ' भन्दै सहानुभूति प्रकट गरेका थिए ।

ह्यारीले आफ्नो देशका लागि बहादुरी र कुशलतापूर्वक युद्धमा होमिएर आफ्नो ज्यान आहूति दिने सैनिकको देश र त्यहाँका मानिस कस्ता रहेछन् भनेर आफू हेर्न आएको बताएका थिए । करिब ३५ वर्षअघि ह्यारीका बाबु चार्ल्स नेपाल आएका थिए । सोही समयमा क्याम्पका प्रमुख रहेर हाले अंगीकृत नेपाली नागरिकता पाएका बेलायती सेनाका कर्णेल जेपी क्रसले भेटमा युवराजले आफूले लगाएको टाईको बारेमा सोधेको बताए । क्रसले ह्यारीलाई आफूले लगाएको टाई बाजेबुबाको पालाको पल्टनको हो भनी बताएपछि उनी दंग परेको बताए ।

लमजुङमा होली खेलेका ह्यारीले होली खेल्दा रंग लागेको कपडा लगाएर पोखरा आएका थिए । होलीको रंगले उनको सेतो सर्ट रातै भएको थियो ।

## vnsb

### राष्ट्रिय पुरुष भलिबल हुने

तेस्रो राष्ट्रिय पुरुष भलिबल लिग प्रतियोगिता झापामा हुने भएको छ । नेपाल भलिबल संघले स्थानीय बिहानी बचत तथा ऋण सहकारी संस्थासँगको सहकार्यमा प्रतियोगिता आयोजना गर्न लागेको हो । २ वैशाखदेखि धाइजनमा सुरु हुने प्रतियोगिताको उद्घाटन एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गर्नेछन् । भलिबल संघका केन्द्रीय सदस्य लेखनाथ पराजुलीले मोसफलकै सर्वाधिक पुरस्कार राशिको प्रतियोगिता झापामा सञ्चालन हुनु गौरवको विषय भएको बताए ।

आयोजक समितिका संयोजक बालकृष्ण रिजालका अनुसार पूर्वाञ्चल क्षेत्रीय भलिबल संघ, मध्यमाञ्चल, पश्चिमाञ्चल, महेन्द्र पुलिस क्लब, सशस्त्र प्रहरी बल, त्रिभुवन आर्मी, जावलाखेल ट्रेनिङ सेन्टर र ढोरपाटन भलिबल क्लबले सहभागिता जनाउनेछन् । पहिलो हुनेले ३ लाख १५ हजार र दोस्रोले १ लाख ७५ हजार रूपैयाँ हात पार्नेछन् । तेस्रो हुनेले १ लाख १० हजार रूपैयाँ प्राप्त गर्ने संयोजक रिजालले बताए ।

### जर्मनी विश्वकप पनि अनुसन्धानको दायरामा

एजेन्सी । फिफा इथिक्स कमिटीले सन् २००६ मा सम्पन्न जर्मनी विश्वकप फुटबल प्रतियोगितासमेत छानबिन गर्ने भएको छ । इथिक्स कमिटीले जर्मनीले विश्वकप आयोजना गर्न फिफाकै पदाधिकारीलाई घुस खुवाएको आशंका गरेको छ । यसमा जर्मन फुटबल संघका वल्फगान निसबर्ग तथा फ्रयान्ज बेकनबाएर संलग्न रहेको इथिक्स कमिटीले दाबी गरेको छ । यसैगरी, संघका अन्य तीन शीर्ष व्यक्ति पनि छानबिनको दायरामा आउने इथिक्स कमिटीले जनाएको छ ।

इथिक्स कमिटीले मंगलबार विभिन्न अन्तर्राष्ट्रिय फुटबल संघलाई समेटेर तयार पारेको छानबिन प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदनमा सन् २००६ को विश्वकपमा पनि भ्रष्टाचार र चर्को लेनदेन भएको उल्लेख छ । प्रतिवेदनअनुसार जर्मन फुटबल संघका ६ व्यक्ति पनि घुस काण्डमा मुछिएका छन् । प्रतिवेदनमा तत्कालीन विश्वकप आयोजक कमिटीकै प्रमुख बेकनबाएरकै अगुवाइमा घुस काण्ड भएको उल्लेख छ । 'जर्मन फुटबलका लिजेन्ड बेकनबाएरकै अगुवाइमा लेनदेन भएको आशंका छ,' इथिक्स कमिटीले भनेको छ, 'संघका अध्यक्ष तथा अन्य पदाधिकारीले पनि भ्रष्टाचार गरेको देखिन्छ ।'

इथिक्स कमिटीले १० वर्षअघि फुटबलकै महाकुम्भ आयोजना गर्नका लागि जर्मन फुटबल संघका पदाधिकारीले आफ्नो पक्षमा भोटिङ गर्न मत किनेको दाबी गरेको छ । इथिक्स कमिटीले यसलाई रहस्यमय भनेको छ । फिफाका नवनिर्वाचित अध्यक्ष गिआनी इन्फान्टिनोले निवर्तमान अध्यक्ष सेप ब्लाटरले जर्मनी र दक्षिण अफ्रिकी विश्वकपको रिपोर्ट लुकाएको आरोप लगाएका छन् । ब्लाटरले यी दुवै विश्वकपका सबै रिपोर्ट गोप्य राखेको इन्फान्टिनोले दाबी गरेका छन् ।

इथिक्स कमिटीले जर्मनीले विश्वकपका लागि दश लाख मिलियन डलर खर्चेको जनाएको छ । त्यसबेला दश लाख मिलियन ठूलो रकम भएको फिफाको भनाइ छ । फिफाले जर्मनीलाई विश्वकप दिलाउन २४ एसियन राष्ट्रले पनि साथ दिएको टिप्पणी गरेको छ । 'जर्मनीले विश्वकप आयोजना गर्दा एसियाका २४ राष्ट्रले मतदान गरेका थिए,' फिफाले मंगलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । जर्मनीले अन्तिम चरणमा दक्षिण अफ्रिकालाई १२ मतले पछि पारेको थियो ।

### अर्जेन्टिनालाई मेसीको साथ

एजेन्सी । अर्जेन्टिनाले सन् २०१८ को विश्वकप फुटबल छनोट चरणमा कप्तान लियोनल मेसीको साथ पाउनेछ । चोटका कारण मेसीले दक्षिण अमेरिकी छनोट प्रतियोगिताको पहिलो चरण गुमाएका थिए । विश्वकपकै साबिक उपविजेता अर्जेन्टिनाले मेसीको साथमा गतिलो नतिजा निकाल्ने विश्वास राखेको छ । उनले पहिलो चरणमा चार खेल गुमाएका छन् । दक्षिण अमेरिकी छनोटमा ब्राजिल शीर्ष स्थानमा छ । अर्जेन्टिना ब्राजिलभन्दा ५ अंकले पछि छ ।



म्यानचेस्टर सिटी तथा अर्जेन्टिनी स्ट्राइकर सर्जियो अगुएरोले कप्तान मेसीको आगमनमा टोलीको प्रदर्शन फरक हुने बताएका छन् । पहिलो चरणको छनोटमा मेसीविनाको अर्जेन्टिनाले इक्वेडरसँग अंक गुमायो । त्यसपछि अर्जेन्टिनाले पाराग्वे र ब्राजिलसँग बराबरी खेल्यो । 'मेसीको आगमनले हामीलाई राहत हुनेछ,' अगुएरोले भने, 'उनको उपस्थिति नै ठूलो हो ।' अर्जेन्टिनाले बिहीबार चिलीविरूद्ध प्रतिस्पर्धा गर्नेछ । अर्को साता अर्जेन्टिनाले घरेलु मैदानमा बोलिभियाको सामना गर्नेछ । मेसी फिट भएको समाचारले अर्जेन्टिनी प्रशिक्षक गेरार्डो मार्टिनोलाई खुसी तुल्याएको छ । मुख्य स्ट्राइकर प्लेमेकरविना पहिलो चरणमा अर्जेन्टिनाले राम्रो नतिजा निकाल्न नसकेको उनको भनाइ छ । 'हामीले पहिलो चरणमा सोचेजस्तो नतिजा हात पार्न सकेनौं,' उनले भने, 'अब मेसीको आगमनमा उत्कृष्ट नतिजा आउने विश्वास राखेको छु ।' उनले अर्को चरणमा पाब्लो, लाउटारो आकोस्टा तथा इन्जो पेरेजलाई खेलाउने जनाए । यिनै खेलाडी बेइजिङ ओलम्पिकका स्वर्णपदक विजेता खेलाडी हुन् ।

/Elg va/



## राउटेको रेखाको होली

काठमाडौं आएका ५ जना राउटेसँग नायिका रेखा थापाले उपराष्ट्रपति कार्यलयमा होली खेलेकी छिन् । बिहानै उपराष्ट्रपति कार्यलय पुगेर अछामबाट आएका ५ जना राउटेसँग रंगको पर्व होलीको रमाइलो गरिन् ।

५ राउटेमध्ये एकजना उपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुनका मित हुन् । यसैले पनि उनीहरू दिपेशको निम्तोमा काठमाण्डौंका आएका थिए । उनीहरू आज अछाम फर्कने नायिका रेखा थापाले बताइन् ।

राउटेहरूले रेखालाई 'रेखा प्यारी' भनेर बोलाएका थिए । साथमा, रेखाको आउँदो चलचित्र 'रामप्यारी'का लागि शुभकामना पनि दिएका छन् ।

राउटे बस्तीका मुखियाले आफूलाई छोरी बनाएको भन्दै राउटेहरूले आफूलाई दिदी भन्ने गरेको रेखाको भनाई छ । काठमाण्डौ आएको समयमा सधै नै राउटेहरूले आफूलाई संझने गरेको रेखाको भनाई छ । उपराष्ट्रपति नन्द किशोर पुनले पनि राउटेहरूलाई रंग लगाइदिएका थिए ।

## 'मेरो कथाका पानाहरू भाग-३' सार्वजनिक

२०४६ सालको जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको आत्मकथाहरुको संग्रह 'मेरो कथाका पानाहरू भाग-३' विमोचन भएको छ ।

गणेशमानसिंह फाउन्डेसनले काठमाडौंमा बुधबार आयोजना गरेको कार्यक्रममा कांग्रेस सभापति शेरबहादुर देउवाले सो पुस्तक सार्वजनिक गरेका हुन ।

सभापति देउवाले नेपाली भाषामा लेखिएको 'मेरो कथाका पानाहरू भाग-३' र यसअघि नै प्रकाशन भएका सोही शीर्षकको आत्मकथाका भाग १ र २ को अङ्ग्रेजी संस्करण सार्वजनिक सार्वजनिक गरेका हुन ।

कार्यक्रममा सभापति देउवाले वि सं २००७ मा प्रजातन्त्र स्थापना र २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना गर्न नेता सिंहले महत्वपूर्ण योगदान पुऱ्याएको बताए । मुलुकमा प्रजातन्त्र स्थापनार्थ सिंहको योगदान अतुलनीय रहेको देउवाको भनाई छ । 'सिंहको नेपाल र भारतको स्वतन्त्रता सङ्गाममा दिएको योगदान गर्व गर्न लायक छ' देउवाले भने 'विसं २०१५ सालमा गठन भएको सरकारका मन्त्रीसमेत रहेका सिंहको जसको जोत उसको पोत र बिर्ता उन्मूलनका लागि पनि गर्व गर्न लायक योगदान छ ।'

फाउन्डेसनका अध्यक्ष कांग्रेस केन्द्रिय सदस्य सिंहका पुत्र प्रकाशमान सिंहले नेपालको स्वतन्त्रता आन्दोलनमा गणेशमानले पुऱ्याएको योगदानको सम्मान गर्दै संयुक्त राष्ट्र संघले मानव अधिकार पुरस्कार दिएको उल्लेख गरे । पुस्तकको सस्पादन पत्रकार माथवरसिंह बस्नेतले गरेका हुन् ।

पत्रकार बस्नेतले संकलन गरी पुनर्जागरण साप्ताहिकमा प्रकाशन गरेको 'मेरो कथाका पानाहरु शीर्षकको सामग्रीलाई सम्पादन गरी पुस्तकाकार रूप दिइएको हो । आत्मकथाको भाग १ र २ को अङ्ग्रेजी अनुवाद पत्रकारिताका प्राध्यापक लालदेउसा राईले गरेका हुन् ।

## ऋचाको प्रचारमा निश्चल

दुई महिना अघि नायिका स्वस्तिमा खड्कासँग बिबाह गरेका निर्देशक निश्चल बस्नेत अहिले आमा बन्न लागेकी नायिका ऋचा शर्माको प्रचारमा जुटेका छन् ।

ऋचाले आमाको भुमिका निर्वाह गरेको चलचित्र 'जंगे' आफ्नो लागि प्रतिक्षारत चलचित्र भएको भन्दै उनले फेसबुकमा लेखेका छन्,'एउटा चलचित्र जसको ब्यग्र प्रतिक्षा गरिरहेको छु म । नाम हो 'जंगे' । ट्रेलर खतरै रैछ । आफु पनि हेरौं साथीलाई पनि देखाउ ।' निश्चलले आफ्नो स्टाटसमा ऋचाको भूमिका र उनको नाम उल्लेख गरेका छैनन् ।

उत्कल थापाको निर्देशन रहेको 'जंगे' राम्रो बनेको नायिका ऋचाले पनि दाबी गरिन् । उनले यस चलचित्रमा सौताने आमाको भुमिका निर्वाह गरेकी छिन् । चलचित्र 'को आफ्नो' मा पनि उनले आमाको भुमिका निर्वाह गरेकी थिइन् ।

आउँदो वैशाख १७ देखि प्रदर्शन हुने यो चलचित्रमा सुरजसिंह ठकुरी, ऋचा शर्मा, अनुप बराल, नाजिर हुसेन, दीपशिखा शाही, नरेश पौड्याल, शुशांक




मैनाली, प्रदीप ढकाल, सुशिलराज पाण्डेलगायतका कलाकारले अभिनय गरेका छन् ।

ऋचा, निश्चल, शुशांक मैनाली, दयाहाङ राई लगायतका कलाकार एक अर्काको चलचित्रको प्रचार गर्न कञ्जुस्याँई गर्दैनन् । नेपाली कलाकर्मीले एक अर्काको खुट्टा तान्ने गरेको आरोप खेपिरहेको बेला एउटा निर्देशकले अर्को निर्देशकको चलचित्रको प्रचार गर्नुलाई सकारात्मक रूपमा लिन सकिन्छ । ऋचाका अन्य फिल्मको पनि निश्चलले सुझाब सहित प्रचार गर्ने गरेका छने भने ऋचा पनि निश्चलको हरेक चलचित्रको खुलेर प्रचार गर्छिन् । कुनै समय यी दुइको प्रेम रहेको चर्चा चलेपनि निश्चलले बिहे गरेपछि यो चर्चा यसै सेलायो ।

## आर्यनको अंगालोमा रेखा

हामी यहाँ नायक आर्यन सिग्देलको कुरा गरिरहेका छैनौं । नायक आर्यन सिग्देल र नायिका रेखा थापाको सम्बन्ध त अझै सुमधुर बनेको छैन । हामीले यहाँ कुरा गरिरहेका नायक हुन् आर्यन अधिकारी । जो चलचित्र 'के म तिम्रो होइन र'बाट नेपाली चलचित्र क्षेत्रमा डेब्यू गर्दैछन् । यो चलचित्र वैशाख ३१ गतेबाट प्रदर्शनमा आउँदैछ । उनले ३ वर्ष लगाएर बनाएको शरीरको अहिले खुबै चर्चा भैरहेको छ ।

उनै आर्यन फागु पूर्णिमाको अवसर पारेर आयोजना भएको कार्यक्रममा देखिए । रेड स्टूडियो काठमाडौंमा चलचित्र 'रामप्यारी र के म तिम्रो होइन र' यूनिटले आयोजना गरेको होली विशेष कार्यक्रममा आर्यन र नायिका रेखा थापा एउटै स्टेजमा देखिए । रमाइलो कुरा के छ भने, आर्यनले रेखालाई जुरुक्कै बोके ।

आर्यनले आफ्नो अंगालोमा रेखालाई बोके र



फनफनी घुमाए । रेखा केही डराएको जस्तो देखिइन् । तर, पनि आर्यनको काखमा रेखा फनफनी घुमिन् । सुरुमा पिच्करीबाट सुरू भएको आर्यन र रेखाको रोमान्स अन्तमा काखमा नै पुग्यो । आफ्नो शरीरलाई सुगठित बनाएका आर्यनले हाफ पाइन्ट लगाएकी रेखालाई फनफनी घुमाइदिए ।

# 'आरएसएसको बर्दीसँगै आत्मा पनि परिवर्तन होस्

*चेतन भगत*

नब्बे वर्ष पुरानो राष्ट्रिय स्वयंसेवक संघ अर्थात् आरएसएसले आफ्नो बर्दी फेऱ्यो । अब खाकीको कट्टुको सट्टा बदामी रंगको पाइन्ट हुनेछ । यो परिवर्तन सतही छ किनकि जे नारा दिए पनि आरएसएसका स्वयंसेवक तिनै हुनेछन् बर्दी जे-जस्ता भए पनि । तथापि, आरएसएसले समयसँगै परिवर्तन हुन तयार रहेको बताएको छ । आरएसएससँग उसको घोषित लक्ष्य, भारतको प्रगतिमा योगदान गर्ने सुनौलो मौका छ । तर, त्यो त्यसवेला मात्र सम्भव हुनेछ, जब आरएसएस विचारधारामा बदलाव ल्याओस् । लक्ष्य हासिल गर्ने केही साधनमा पनि परिवर्तन गरोस् ।

ब्रिटिस शासनका दौरान आरएसएसको स्थापना हिन्दूहरूलाई संगठित गरी उनीहरूको हित रक्षा गर्ने संगठनका रूपमा भएको थियो । ब्रिटिस शासनमा यसमाथि प्रतिबन्ध लाग्यो र स्वतन्त्रतापछि तीनपटक प्रतिबन्ध झेल्न पऱ्यो । १९४८ मा महात्मा गान्धीमाथि गोली हान्ने नाथुराम गोड्से आरएसएसका पूर्वकार्यकर्ता थिए ।

आरएसएसको वेबसाइटमा लेखिएको छ, 'सरल शब्दमा संघको आदर्श पूरै समाजलाई संगठित गरी हिन्दूधर्मको रक्षा सुनिश्चित गर्दै राष्ट्रको वैभवलाई शिखरमा लैजानु हो ।' आरएसएसको मिसनमा दुईवटा विषय छ । एक, विश्वमा भारतको गौरवलाई फेरि स्थापित गर्ने । अर्को, हिन्दूधर्म र संस्कृतिलाई संगठित र संरक्षित गर्ने । यी लक्ष्यमा गलत केही पनि छैन । तर, यी लक्ष्य हासिल गर्न जब आस्था-विश्वास, विशेष क्रियाकलापहरू, तरिका र खास रूपमा छानिएका शब्दको प्रयोग हुन्छ, त्यो मुद्दा बन्न जान्छ ।

यस्तो पनि होइन कि सबै गतिविधि गलत छन् । आरएसएसमाथि लेखिएको लेख उसको परोपकारी कार्यबारे उल्लेख नगरेसम्म पूरा हुन सक्दैन । भारतमा हालै आएका प्रायः सबै प्राकृतिक विपत्मा आरएसएसका स्वयंसेवकले मद्दत गरेको छ । आरएसएसका शाखा सामुदायिक कार्यदेखि लिएर बिहान फिटनेस कक्षा आयोजना गर्नेसम्म काम गर्छन्, जसबाट लाखौं मानिसलाई फाइदा हुन्छ ।

तर, आरएसएस ठान्छ, राष्ट्रवाद र संस्कृतिको विकास हुनपर्छ चाहे त्यसका लागि वैयक्तिक स्वतन्त्रताको मूल्य चुकाउन किन नपरोस् । गौरवशाली भारत र समृद्ध समाज निर्माणको नारापछाडि परम्परागत हिन्दू संस्कृति छ । यो आफ्नो अवधारणा थोपर्ने उद्देश्य हो । आरएसएस गौरवशाली भारत र परम्परागत हिन्दू संस्कृतिको रक्षा गर्नेलाई दुई पृथक लक्ष्य भन्छ, तर यी दुवै अन्तरसम्बन्धित हुन् । एउटा लक्ष्य अर्कोविना पूरा हुन सक्दैन । यो सही छैन । त्योभन्दा पनि खराब के छ भने यसबाट गौरवशाली भारत र हिन्दू संस्कृतिको संरक्षणको लक्ष्य हासिल हुनेछैन ।

त्यसो भए भारत कसरी हुन्छ गौरवशाली र सम्मानित ? कुनै देशको सम्मानित बन्ने पहिलो आवश्यकता त्यहाँको समृद्धि, बेहतर प्रतिव्यक्ति आय र राम्रो जीवनस्तर हो । आरएसएस महान् भारत चाहन्छ भने अर्थव्यवस्थामाथि ध्यान केन्द्रित गरोस् । आरएसएसको सरकारमाथि जबर्जस्त प्रभाव छ । आरएसएसले १० प्रतिशत आर्थिक वृद्धिको माग गरोस् । तब न भारत धनी बन्नेछ, युवाहरूलाई रोजगारी मिल्नेछ, मानिस अधिक खुसी हुनेछन् र भारतलाई विश्वमा सम्मान मिल्नेछ । खल्तीमा पैसा नआएसम्म दुनियाँ कसैको सुन्दैन ।

दोस्रो सर्त हो, स्वतन्त्र समाज । जहाँ व्यक्तिलाई कस्तो जीवन बाँच्ने भनेर छनोट गर्ने अधिकार होस्, जहाँ कसको पूजा गर्ने भनेर छनोट गर्ने हक होस्, कसलाई प्रेम गर्ने, कसरी राष्ट्रभक्ति व्यक्त गर्ने भनी तय गर्ने अधिकार होस् । जुन क्षणबाट तपाईं केही थोपर्ने उपाय अपनाउन थाल्नुहुन्छ, देशको केही गौरव र महानता नष्ट हुन जान्छ । स्वतन्त्र समाजमा मानिस, विचार, संस्कृति र कलाकार फल्छन् फुल्छन् र तिनले दुनियाँमा निकै ठूलो प्रभाव पार्छन् । तपाईं व्यवस्था स्थापना गर्न केही मानिसको स्वतन्त्रता छिन्ने लक्ष्य राख्नुहुन्छ भने तपाईंलाई केवल फासीवादी हुने कुख्याति प्राप्त हुन्छ ।

आखिरमा आरएसएसको अर्को लक्ष्य हो हिन्दू संस्कृतिको रक्षा । विरोधाभास लाग्ला, संगठन जति समावेशी हुन्छ उति नै हिन्दूधर्मले फल्ने फुल्ने मौका प्राप्त गर्नेछ । दलित, महिला र मुस्लिमलाई संगठनको ढोका खोल्नु आवश्यक छ । आरएसएस हिन्दू संस्कृति फैलाउन बाँकी समुदायसँग हात बढाउँदै छ या यसलाई एउटा सम्प्रदाय बनाउँदै छ ?

आरएसएसले अर्थव्यवस्था, सर्वसमावेशिता र राष्ट्रलाई सबैभन्दा माथि राख्न पूर्ण ध्यान केन्द्रित गर्नुपर्छ । यस्तो परिवर्तनले आरएसएस र देश दुवैलाई फाइदा हुनसक्छ । केवल बर्दी होइन, बरू संगठनको आत्मामा थोरै भए पनि परिवर्तन ल्याउन आवश्यक छ । आशा छ, यो परिवर्तन छिटै देख्न पाइनेछ ।

**(भगत भारतीय लेखक तथा उपन्यासकार हुन्)**

## मेलम्चीको...

'काम पुनः सुरू भएपछि दैनिक ३० मिटर सुरूङ निर्माण भइरहेको छ, अहिलेसम्म १४ किमिभन्दा केही बढी सुरूङ खन्ने काम भएको छ, अब साढे १२ किमि सुरूङ खन्न बाँकी छ,' भट्टराईले भने, 'समयमा नसकिने भएपछि अवधि थप्ने गृहकार्य सुरू भएको हो ।'

हाल आयोजनाको सुरूङ ग्याल्थुमबाट अम्बाथान र सिन्धु, सिन्धुबाट ग्याल्थुम र सुन्दरीजल एवं सुन्दरीजलबाट सिन्धु सहायक मार्गतिर निर्माण भइरहेको छ । अम्बाथान सहायक मार्ग र मुहानमा काम गर्न सिएमसीले नेपाली कम्पनी मेगापेक र युनाइटेड बिल्डर्स इन्जिनियरिङलाई जिम्मा दिए पनि काम सुरू हुन सकेको छैन ।

तोकिएको समयमा काम सम्पन्न नहुने भएपछि एक वर्षसम्म थप्ने गरी गृहकार्य सुरू भएको कार्यकारी निर्देशक भट्टराईले बताए । यही चैत दोस्रो सातासम्म समयावधि थप्ने काम सम्पन्न गरिसक्ने समितिले जनाएको छ । यसअघि २०६६ सालमा सुरूङ निर्माणको ठेक्का लिएको चिनियाँ सरकारी ठेकेदार कम्पनीले काम नगरी भागेपछि सिएमसीलाई ठेक्का दिइएको थियो ।

सुरूङ निर्माणको काम २०७३ असोज मसान्तमा सकिने भए पनि सम्झौताअघि काम सकेमा ठेकेदारलाई लाभांश दिने व्यवस्था गरिएपछि ६ महिनाअघि नै काम सक्ने सिएमसीको मौखिक प्रतिबद्धताका कारण १ वैशाखमा काठमाडौंका धारामा मेलम्चीको पानी खसाल्ने सरकारी अधिकारीले सार्वजनिक घोषणा गर्दै आएका थिए । अब यो घोषणा पूरा नहुने समितिको भनाइ छ ।

## दुई करोडको...

स्मरणीय छ, केही दिन अघि पाँचै माओवादी पार्टीहरूले प्रधानमन्त्रीलाई भेटेर अदालतमा जनयुद्धकालीन मुद्दाहरू व्यूँताएकोले शान्ति सम्झौताअनुसार नभएको, अदालतले पनि शान्ति सम्झौता मान्नुपर्ने र सबै जनयुद्धकालीन मुद्दाहरू सत्य निरूपण तथा मेलमिलाप आयोगबाट छिनोफानो हुनुपर्छ भनेर आपत्ति प्रकट गरेका थिए र प्रधानमन्त्रीले कसैले पनि जेल जानुपर्दैन भन्ने आश्वासन दिएका थिए । यसको अर्थ जनयुद्धकालीन फौजदारी मुद्दाहरूसमेत मेलमिलापबाट फच्याफाच गर्ने एमाले-एमाओवादी कुरो मिलिसकेको खुलासा भएको थियो । थप स्मरणीय के छ भने देशभित्र र विश्वका मानवाधिकारवादीहरू जनयुद्धकालीन फौजदारी मुद्दाहरू आममाफीमा पर्दैनन्, पीडितले न्याय र पीडकले दण्ड पाउनैपर्छ भन्ने मान्यता राख्छन् ।

यसै विषयलाई लिएर सत्यनिरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरूङले एकवर्षभित्र सत्यको निरूपण र मेलमिलाप हुनसकेन भने धेरै व्यक्तिहरू कर्णेल कुमार लामाको नियति भोग्न बाध्य हुनेछन् भन्ने चेतावनी दिएका थिए र तत्काल सरकारले बेपत्ता र सत्य निरूपण आयोगलाई आवश्यक नियम उपलब्ध गराएर सक्रिय पारेको थियो ।

## देउवासँग...

अगाडि आएका छन् । तर कांग्रेस बुझ्नेहरू भन्छन्- यो सर्वसम्मतिका लागि दिएको दबाबमात्रै हो । यो दबाबले प्रचण्ड बहुमतले सभापति जितेका देउवालाई कुनै असर नगर्ने निश्चित छ ।

हुन त संसदीय दलको नेता भनेको भावी प्रधानमन्त्रीका दावेदार पद हो । यद्यपि नेपाली कांग्रेसमा संसदीय दलका नेता नभएका व्यक्ति पनि केन्द्रीय समितिको निर्णयबाट प्रधानमन्त्री बनेको नजिर छ । तर लोकतान्त्रिक अभ्यास गर्ने र नयाँ संविधानअनुसार स्थायी परिपाटी बसाल्नका लागि संसदीय दलको नेता नै प्रधानमन्त्री बन्न सक्ने भएकाले देउवाले संसदीय दलको नेता नछाड्ने भएका हुन् । यसपछि देउवालाई संसदीय दलको नेता बनाएपछि सरकारमा मन्त्री हुन पाइने भएकाले पनि देउवा पक्षका प्रभावशाली सदस्यहरू देउवालाई उचालिरहेका छन् ।

कांग्रेसभित्रको यो परिदृश्यले रामचन्द्र स्थायी रूपमै बनवास जाने वातावरण बन्दै गएको छ । हुनसक्छ, रामचन्द्र पौडेलले कांग्रेस राजनीतिमा फूटस्टप लाग्ने समय आयो ।

## सिंहदरबारभित्रै...

सतर्कता केन्द्रसँग समन्वय गरी धूमपान गर्नेविरूद्ध कानुनी कारबाही थाल्ने तयारीसमेत गरेको छ ।

सामान्यको अध्ययनअनुसार कर्मचारीले मन्त्रालयभित्रै विभिन्न गोप्य ठाउँ बनाएर धूमपान गर्ने गरेका छन् । यस्तै, शौचालयलाई धूमपान गर्ने स्थान बनाएको तथा मन्त्रालयले सञ्चालन गरेका विभिन्न क्यान्टिनमा गएर धूमपान गर्ने गरेको पाइएको छ । सामान्यले सबै मन्त्रालय र निकायलाई पत्राचार गरी आफूमातहतका निकायलाई धूमपान नगर्न-नगराउन निर्देशन दिने तयारीसमेत गरेको छ । सामान्यले अनुगमनका क्रममा विभिन्न क्यान्टिनलाई विशेष निगरानी गर्ने भएको छ । यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सिंहदरबारका विभिन्न स्थानमा सञ्चालित क्यान्टिन फोहोर र दुर्गन्ध फैलाउने कार्यमा सक्रिय रहेको जनाउँदै त्यस्ता क्यान्टिन बन्द गर्ने निर्णय गरेको थियो । फोहोर र दुर्गन्ध फैलाउने क्यान्टिनकै कारण सिंहदरबारभित्र भुस्याहा कुकुरको बिगबिगी बढेको ठहर प्रधानमन्त्री कार्यालयले गरेको थियो । निर्णय कार्यान्वयन भने हुन सकेको छैन ।

अहिले तिनै क्यान्टिन कर्मचारीका लागि धूमपान गर्ने अखडा बन्न थालेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता सहसचिव विनोदबहादुर कुँवरले कार्यालयको निर्णयलाई पालना गराउन अब छिटै अभियान थालिने जानकारी दिए । प्रधानमन्त्री कार्यालयले केही दिनअघि सिंहदरबारलाई हराभरा र सुन्दर बनाउन विभिन्न कार्ययोजनासमेत ल्याएको थियो ।

## वैशाखभित्रै...

भरपर्दो विकल्प नआएकाले अहिले नै सरकार गिराउने पक्षमा दाहाल छैनन्' एक सुत्रले दाबी गर्‍यो । नेपाली कांग्रेसको महाधिवेशन भर्खर सकिएको र संसदमा समेत उ सबैभन्दा ठूलो पार्टी भएको हुनाले उसले नयाँ सरकार निर्माण गर्ने प्रक्रिय अघि बढाएको खण्डमा एमाओवादी अध्यक्ष दाहाल त्यसका लागि तयार हुन सक्ने पनि सुत्रको दाबी छ ।

एमाओवादीका एक स्थायी समिति सदस्यका अनुसार आफ्नो पार्टीबाट सरकारमा सामेल भएका आठ मन्त्रीहरूको कार्यशैलीका बारेमा गुनासो सुनेर पार्टी अध्यक्ष दाहाल दिक्क भएका छन् । दाहालले अहिले पार्टीबाट मन्त्री भएकाहरूलाई फिर्ता गरेर अन्यलाई पठाउने, मन्त्रीहरूलाई फिर्ता बोलाएर बाहिरबाटै सरकारलाई समर्थन गर्ने वा सरकार नै गिराउने तीन विकल्प माथि दहालले आफू निकटका केही नेताहरूसँग परामर्श गर्न थालेको ति नेताले बताएका छन् । हालै बसेको केन्द्रिय समितिको बैठकमा बोल्ने अधिकांश नेताहरूले जति दिन सरकारमा पार्टी रहिरहन्छ त्यति नै पार्टीलाई घाटा हुने उद्घोष गरेपछि पार्टी नेतृत्व अन्योलमा परेको हो । संगठन परिचालनका प्रमुख अंग बनाएर सरकारमा पठाएका मन्त्रीहरूको कार्यशैलीले पार्टीको शाख गिर्न थालेको नेताहरूले बताएका थिए । तीन नम्बर प्रदेश इन्चार्ज लिलामणि पोखरेल त शिक्षामन्त्री गिरिराजमणि पोखरेलले भारतीय शैक्षिक संस्थालाई सम्बन्धन दिएको विषय उठाएर त्यसको आलोचना गर्दै भनेका थिए, भारतीय शैक्षिक संस्थालाई कुन आधारमा सम्बन्धन दिइयो । यस बारे आफ्नै विद्यार्थी संगठन र अन्य विद्यार्थी संगठनहरूले विरोध गरिरहेका छन्, यो विषय के हो भन्दै शिक्षामन्त्रीलाई प्रश्न गरेका थिए ।

त्यसैगरी दुई नम्बर प्रदेशको इन्चार्ज विश्वनाथ साहले मधेशमा सिंचाई मन्त्री उमेश यादव बाहेक अन्य मन्त्रीहरूको उपस्थिति नदेखिएको भन्दै अब मन्त्री र पार्टी नेताहरूबीच जुहारी चल्ने चेतावनी समेत दिएका थिए । बैठकमा बोल्ने अधिकांश नेता र प्रदेश इन्चार्जहरूले सरकारमा पार्टीको उपस्थिति नदेखिएको, जनताले माओवादी समेत छ भन्ने अनुभूति समेत गर्न नपाएको गुनासो गरेपछि अध्यक्ष दाहाल झनै अन्योलमा परेका छन् । अर्को तर्फ नेपाली कांग्रेसको सहमति बेगर संविधान कार्यान्वयनमा कठीनाई उत्पन्न हुनसक्ने सम्भावना बढेपछि कांग्रेसको नेतृत्वमै नयाँ सरकार गठनका लागि केही राजनीतिक दलहरू अग्रसर हुन थालेका हुनाले २०७३ साल वैशाखमा नयाँ सरकार गठन हुनसक्ने सम्भावना देखिएको छ । उक्त सरकारमा नेकपा एमाले वा एमाओवादी मध्ये एक दल सहभागी नहुने अवस्था आउन सक्ने एक राजनीतिक विश्लेषकले बताएका छन् ।

## न्याय क्षेत्र...

सुनुवाई झमेलामा पर्ने भएकाले तत्कालै प्रधानन्यायाधीश नियुक्त हुन सक्ने सम्भावना कम भएको छ । यसरी राजनीतिक दलहरूको भागवण्डा नमिल्दा धेरै देशमा राजदूतहरू खाली भएपनि सरकारले राजदूत नियुक्ती गर्न सकेको छैन । राजदूत नियुक्ती भइहाले पनि उनीहरूको समेत संसदीय सुनुवाई हुनुपर्ने संवैधानिक व्यवस्थाले गर्दा राजदूत नियुक्तीमा समेत ढिलाई हुने पक्कापक्की भएको छ ।

सुशील कोइराला नेतृत्वको सरकारले न्यायपरिषदको सदस्यका लागि सिफारिस गरेका रामप्रसाद सिटौलालाई केपी ओली नेतृत्वको सरकारले फिर्ता गरेपछि उक्त विवाद नियमावली मस्यौदामा बल्झिएको हो । त्यतिबेला नेपाल बार एशोसिएशनबाट न्यायपरिषद्को सिफारिसमा रामप्रसाद श्रेष्ठलाई सिफारिस गरेको भएपनि सिफारिस नै नआएको भन्दै सिटौलाको सिफारिस फिर्ता लिएको थियो । संविधान अनुसार न्यायपरिषद्मा सर्वोच्च अदालतका प्रधानन्यायाधीश अध्यक्ष तथा सदस्यहरूमा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधशी, कानुन मन्त्री र प्रधानमन्त्रीले सिफारिस गरेका एक र नेपाल बार एशोसिएशनले सिफारिस गरेका एक गरी पाँच सदस्यीय हुने व्यवस्था गरेको छ । हाल प्रधानमन्त्रीले सिफारिस गरेका छैनन् भने नेपाल बारले समेत सिफारिस गरेको छैन । अहिले नेपाल बार आफ्नो चुनावी प्रक्रियामा रहेको र नयाँ कार्यसमितिको चुनाव सम्पन्न नभएसम्म सिफारिस हुन नसक्ने अवस्था देखिएको हुनाले न्यायपरिषद्ले सिफारिस गरेका ११ जनाको सिफारिस पनि अलपत्र अवस्थामा रहेको छ ।

नियमावली समितिले दलहरूबीच सहमति जुटाउन नसकेको खण्डमा प्रधानन्यायाधीश समेतको संसदीय सुनुवाईमा ढिलाई हुने भएकाले प्रधानन्यायाधीश पद समेत खाली हुनसक्ने अवस्था देखिएको छ । कांग्रेसले एकजना न्यायपरिषद् सदस्य आफ्नो पार्टीलाई दिए नियमावली छिटो पारित गर्न सघाउने बताइरहेको छ भने न्यायपरिषद् नै अहिले अपुरो अवस्थामा रहेको छ । पछिल्लो समयमा नियमावली समितिमा गणपुरक संख्या नै नपुगेर बैठकसम्म बस्न सकेको छैन । नियमावली समिति झण्डै ६ महिनादेखि अनिर्णयको बन्दी बन्दा समेत ठूला दलहरू समस्या समाधान गर्न अग्रसर देखिएका छैनन् । यसरी भागवण्डामा अल्झेर सरकार र दलहरूले न्याय क्षेत्रलाई समेत भागवण्डा गरेर न्याय क्षेत्रलाई नै तहस नहस पार्न खोजेको प्रष्ठ हुँदै गएको छ ।

## ग्यास अभाव...

बिक्री गरेका हुनाले बढी मूल्य तीर्न नसक्ने वा नचाहने उपभोक्ता मारमा परहेका छन् ।

खाना पाकाउने ग्यासको आयात बढ्दै गएपनि पछिल्लो समयमा बजारमा ग्यासको अभाव कायमै रहेको भन्दै ग्यास विक्रेता महासंघले ग्यासको न्यायोचित विक्री वितरण गर्न सरकारसँग माग गरेको छ । लामो समयसम्म तराईमा भएको आन्दोलन र भारतले लगएको अघोषित नाकाबन्दीले गर्दा बजारमा ग्यासको अभाव भएको भएपनि अहिले ग्यास आयातमा वृद्धि भएको छ । आयातमा वृद्धि भएपनि उपभोक्ताले सहज रूपमा ग्यास पाउन सकेका छैनन् । त्यसको एउटै मात्र कारण हो, कालोबजारी । सरकारले व्यस्थित रूपमा ग्यास विक्रीबितरणको अनुगमन समेत गर्न सकेको छैन । पारदर्शीरूपमा ग्यास विक्री वितरण नहुनु र ग्यास कम्पनीहरूले बढी मूल्य लिएर सिधै ठूलो मात्रामा खपत हुने होटल, उद्योगहरूलाई दिने भएकाले सर्वसाधारण उपभोक्ताले सहजरूपमा ग्यास पाउन नसकेको ठरह स्यवं उपभोक्ताहरूले नै गरेका छन् ।

ग्यासको बजार व्यवस्थित बनाउन अनिवार्य रूपमा उद्योगबाट उत्पादन हुने सिलिन्डरको संख्या, उत्पादन भएको सिलिन्डर कुन डिलरकहाँ पठाइएको हो, डिलरबाट कुन कुन डिपोलाई पठाइयो, विक्रेताबाट कुन कुन उपभोक्ताले लगे त्यसको सम्पूर्ण जानकारी राख्ने कप्युटर सफ्टवेयर को विकास गरेर ग्यास विक्रीवितरण गर्ने हो भने अनिवार्य रूपमा ग्यास कम्पनीहरूले आफूले उत्पादन गरेको ग्यास विक्रीवितरण गरेको प्रष्ट देखिनेगरी रिपोर्ट आफूलाई दिन उद्योगलाई सरकारले निर्देशन दिनुपर्ने अवस्था देखिएको छ । पछिल्लो समयमा कतिपय उद्योगहरूले नयाँ डिपो खडा गरेर नयाँ सिलिन्डर बिक्री वितरण गर्ने गरेका प्रमाणहरू समेत भेटिएका छन् । त्यसैले पनि समस्या थपेको उपभोक्ताहरूले बताएका छन् । केही सयम पहिला गरिएको कार्ड प्रणालीलाई व्यवस्थित गरी लागु गरिए एउटै घरमा धेरै ग्यासको मौजाद रहँदैन । त्यसले गर्दा खाली सिलिन्डरहरू पनि उद्योगमा सहजरूपमा पुग्ने भएकाले कार्ड प्रणालीलाई अविलम्ब लागु गर्नु आवशयक छ । साल्टट्रेडिङ कर्पोरेशनको एसटिसी ग्यास भने उपभोक्ताले सहजरूपमै पाएका हुनाले अहिले कर्पोरेशनको केन्द्रिय कार्यालय कालिमाटीमा ग्यास लिनेहरूको लामो लाइन देख्न सकिन्छ । उसले दैनिक रूपमा दुई पटक ग्यास विक्रीवितरण गर्दै आएको र त्यहाँ पुग्नेले सहजै ग्यास पाउने भएकाले साल्टट्रेडिङको व्यवस्थापन र कर्पोरेशनमाथि उपभोक्ताको विश्वास बढेको उपभोक्ताहरूले बताएका छन् । दुखका बेला नै मान्छेको असली पहिचान हुन्छ भन्दै साल्टट्रेडिङले ग्यास नदिएको भए बजारमा अझ ठूलो हाहाकार हुने थियो, धन्न सरकारको लाज साल्टट्रेडिङले बचाइदियो भन्दै उनीहरूले साल्टट्रेडिङ व्यवस्थापन र उच्चतहदेखि तल्लोतहका सबै कर्मचारीहरूलाई धन्यवाद दिएका थिए । यसरी थोरै मात्रामा ग्यास उत्पादन गरेपनि उचित व्यवस्थानले गर्दा साल्टट्रेडिङले पाएको समर्थनलाई सरकारले उचित सम्मान गर्दै उसलाई अझ सहयोग गरेर उसले मागेजति ग्यासको विक्रीवितरण मिलाइदिनु सरकारको कर्तव्य र दायित्व समेत भएको अर्का एक उपभोक्ताले बताएका छन् । साल्टट्रेडिङप्रति ग्यास उपभोक्ताले देखाएको विश्वास र संकटको बेला साल्टट्रेडिङले पुर्‍याएको योगदानलाई सरकारले उच्च मूल्यांकन गरेर उसलाई पहिला पाएको कोटाभन्दा चार गुणा बढी ग्यास विक्रीवितरण गर्न दिने निर्णय समेत गरेको आपूर्ति मन्त्रालय सुत्रले बताएको छ ।

रोजगारीका लागि गरिने विज्ञापन वैदेशिक रोजगार विभागबाट स्वीकृति प्राप्त गरेका विज्ञापनलाई मात्र विश्वास गरौं र ठगीबाट जोगिऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार